जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३१७ • २०८१ साल बैशाख ३ गते सोमबार (15 April, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### प्रदुषित पानीमा चैती छठ

# महानगरको सिर्सिया सफाइ अभियान 'महागफ'

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाको उदासीनताको कारण चैती छठका व्रतालुहरुले प्रदुषित सिर्सिया नदीमा छठ पर्व मनाउन विवश भएका छन् ।

महानगरपालिकाको मेयरमा निर्वाचित भएका राजेशमान सिंहले पहिलो वर्षमै सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउने घोषणा गर्दै उद्योगहरुलाई फोहर नदीमा नबगाउन चेतावनी दिएका थिए । तर दुई वर्ष बित्न केही दिन मात्र बाँकी रहँदा पनि सिर्सिया नदी प्रदूषणमुक्त हुन सकेको छैन ।

सिर्सिया नदीमा फोहर बनाउने मुहान जोडिएका उद्योगहरुलाई मेयर सिंहले बन्द गर्न कडा निर्देशन दिएका थिए । तर केही महिनामै 'सेटिंग'मिलेपछि सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउने महानगरको अभियान 'महागफ' बनेको छैठका व्रतालुहरु बताउँछन् ।

व्रतालुहरुले प्रदूषित पानीमा नै चैती छठको अर्घ दिएको छ । सिर्सिया नदीलाई प्रदूषण मुक्त बनाउने वीरगञ्ज महानगरपालिकाको अभियानलाई बारा पर्साका उद्योगीहरू धोती लगाएका छन् । उद्योगीहरूको अटेरीले गर्दा सिर्सिया प्रदूषण मुक्त अभियान सबै र सधैको लागि एउटा नारा मात्रै साबित हुँदै आएको छ । झण्डै डेढ दशक देखि खोलालाई प्रदूषणमुक्त बनाउने प्रयास भइरहे पनि उद्योगीहरुसितको मिलेमतोमा मतदाता रिझाउने नारामा सीमित देखिएको उनीहरुको आरोप छ ।



पछिल्लो केही वर्षदेखि वीरगञ्जमा चैती छठप्रतिको आकर्षण बढ्दो छ । हरेक वर्ष व्रतालुहरुको संख्या थपिन थालिएको छ । तर सिर्सिया नदीको अवस्थामा कुनै परिवर्तन आएको छैन ।

सिर्सिया नदीमा विशाक्त पानी बगाउने उद्योगहरूलाई बन्द गर्न चेतावनी दिएका मेयर सिंहले केहीलाई प्रारम्भिक चरणमा जरिवाना पनि गरेका थिए । तर त्यो अभियान अभूतपूर्व ढंगले हरायो ।

आइतबार अस्ताउँदो सूर्यलाई व्रतालुहरूले दुर्गन्धित र प्रदूषित पानीमै बेलुकाको अर्घ दिएका छन् । विभिन्न उद्योगहरूले सिर्सिया नदीमा मिसाएको रासायनिक कालो लेदोसहितका प्रदूषित पानीका कारण महानगरवासी दुर्गन्धबाट वाक्कदिक्क भएको स्थानीयहरु बताउँछन् । वीरगञ्ज महानगरपालिकामा रहेको सिर्सिया नदीमा मात्रै २ दर्जनभन्दा बढी छठ घाट छन् ।

घडिअर्वा अन्य पोखरीले मात्रै व्रतालुहरूको चाप धान्दैन । कतिपय गाउँ तथा शहरका व्रतालुहरू सिर्सिया नदीलाई नै परम्परागत छठ घाटको रूपमा प्रयोग गर्दै आएका छन् ।

बारा पर्सा औद्योगिक करिडोरका उद्योगले खोलामा बगाएको रसायनयुक्त फोहोर फाल्ने काम बन्द नगरेपछि व्रतालु आक्रोशित बन्दै पुजाअर्चना गरेका छन् । खोलामा बगिरहेको कालो लेदो सहितको दुर्गन्धित पानीले गर्दा छठ घाटमा पुगेका व्रतालु र भक्तजनमा व्यापक आक्रोश देखिएको छ । खोलाबाट आउने दुर्गन्धले कतिपयले यस वर्ष त नाकै छोप्न बाध्य बनाएको गुनासो गरे । वीरगञ्ज महानगरका मेयर राजेशमान सिंहले पटक-पटक प्रयास गर्दा समेत प्रदेश र संघ सरकारको असहयोग र उद्योगीहरूको अटेरीका कारण नदी सफा हुन नसकेको महानगरको प्रतिकृया छ । स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रमा रहेर कारबाही गरे पनि संघ र प्रदेश सरकारले कुनै चासो नदिएकोले नदी सफाई अभियान असफल भएको महानगरले बताएको छ ।

बाराको जितपुर सिमरा उपमहानगरपालिका-३ स्थित रामवन झाडीबाट वीरगञ्ज महानगरपालिका हुँदै भारतसम्म पुगेको सिर्सिया नदीको प्रदूषणको समस्या नेपालको लागि मात्र नभइ सीमावर्ती भारतीयहरूका लागि पनि रहेको छ । भारतीय क्षेत्रमा पनि सिर्सिया नदीमा कार्तिक र चैतमा हुने छठ प्रभावित हुँदै आएको छ ।

छठ पर्व बसेकी श्रीमतीसँगै टाउकोमा पूजा सामग्री लिएर रानीघाटमा पुगेका वीरगञ्ज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष डा. सुबोध गुप्ताले नदी प्रदुषण रोक्न सबैको पहलको आवश्यकता रहेको बताए । 'छठ पर्वको बेला मात्र नभई सधैँको लागि नदी सफा हुनुपर्छ' उनले भने, यसको लागि महानगरपालिका र प्रदेश तथा संघीय सरकार मिलेर ठोस कानुन ल्याए मात्र सम्भव हुन्छ ।' नदी सफा गर्नको लागि उद्योगी मात्र नभई नेपाल सरकार, स्थानीय सरकार सबै मिलेर काम गर्नुपर्ने आवश्यकता रहेको गुप्ताले बताए ।

## अर्घ दिन कृत्रिम पोखरी

वीरगञ्जको रानीघाट स्थित सिर्सिया नदीको पानी सफा नभएको कारण स्थानीय श्रद्धालुहरुले छठको अर्घ दिन कृत्रिम पोखरी बनाएका छन् ।

नदीको पानी दुर्गन्धित र स्वास्थ्यका लागि प्रतिकूल भएको भन्दै व्रतालुहरू कृत्रिम पोखरी बनाएर यस बर्षको छठपर्व मनाएका छन् । मुख्यरुपमा दीर्घायु र छाला रोगबाट निको हुनको लागि छठ पर्व मनाउने मान्यता रहेको छ ।

**शिक्षक आवश्यकता**

मधेश प्रदेशमै ख्याती प्राप्त धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपलिका, महेन्द्रनगरमा संचालित सिस्टमेटिक ईंगलिस बोर्डिङ्ग स्कूलमा तपसिल बमोजिमको शिक्षक आवश्यकता भएकोले ईच्छुक तथा योग्य उम्मेदवारहरुले ७ दिन भित्र वायोडाटा सहित संम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिल

| क्र. स. | विषय | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | नेपाली (मावि) | १ (एक) | नेपाली विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ । |
| २ | अँग्रेजी (मावि) | १ (एक) | अँग्रेजी विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ । |
| ३ | नेपाली (प्रावि) | ३ (तिन) | नेपाली विषयमा +२ उतिर्ण |
| ४ | अँग्रेजी (प्रावि) | ४ (एक) | अँग्रेजी विषयमा +२ उतिर्ण |

सम्पर्क नम्बर : ९८०९६३५४९१






# चैती छठको सन्ध्याकालीन अर्घ



**टुडे समाचारदाता**

जनकपुरधाम । चैती छठ अन्तर्गत जनकपुरधामको गंगासागर,अंगराजसरसागरलगायत विभिन्न तालतलैयामा श्रद्धापूर्वक सूर्यलाई सन्ध्याकालीन अर्घलाई अर्पण गरिएको छ । चैत शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन विभिन्न विधिसाथ मनाइने पर्वको आज तेस्रो दिन व्रतालुले निराहार व्रत गरी अस्ताउँदो सूर्यलाई अर्घ दिएका छन् ।

शुक्रबार चैत शुक्ल चौथी (चतुर्थी) का दिन 'नहाय-खाय' (पवित्र स्नान गरेर शुद्ध खाने) विधिबाट पर्व प्रारम्भ गरेका व्रतालुले शनिबार पञ्चमी तिथिमा 'खरना' विधि सम्पन्न गरेका थिए ।

व्रतालुले षष्टी तिथिका दिन निराहार व्रत बसी साँझ पवित्र जलाशयमा बनाइएको घाटमा अस्ताउँदा सूर्यलाई पहिलो अर्घ दिने परम्परा छ । यस क्रममा फलफूल र ठकुवा, भुसुवा र अन्य परिकार राखिएको डाला उठाई सूर्यदेवलाई चढाइने गरिन्छ । सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई भोरुका अर्घ दिइ व्रतालुले व्रत समापन गर्नेछन् ।

शरद् र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य उपासनाको पर्व हो । शरद् ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले मनाइन्छ ।

छठ पर्वमा ठकुवा, भुसुवा कसार सहितका मिष्ठान्न परिकारसहित पाकेका केराको घरी र अन्य फलफूल तथा दहीलगायत सामग्री व्रतालुले अर्घका बेला सूर्यलाई चढाइने गरिन्छ । छठ पर्व गर्नाले मनोकामना पूरा हुने विश्वास रही आएको छ । मिथिलामा द्वापर युगमा जाम्बवतीका गर्भबाट उत्पन्न कृष्णका पुत्र साम्बले कुष्ठरोग निवारणका लागि गरेका र त्यसै बेलादेखि छठ पर्वको प्रारम्भ भएको मानिन्छ ।

महाभारतकालमै पाण्डवले गुप्तवास सफलताको कामना गरेर सूर्यदेवको आराधना गरेका जनश्रुति पनि रहेको छ । छठी मैयाको व्रत गर्नाले छालाजन्य रोग निको हुने धार्मिक विश्वास समेत रहेको छ ।

चैती छठसँगै मिथिलामा नयाँवर्ष प्रारम्भमा जुडशीतल र वासन्ती नवरात्र (चैते दशैं) पनि मनाइन्छ ।

# दुई प्रदेश सांसद र पूर्वगाउँपालिकाका अध्यक्षलाई सफाई



**टुडे समाचारदाता**

वीरगञ्ज । वन्यजन्तुको शिकार गरेको मुद्दामा दुई जना प्रदेश सांसद र एक पूर्व गाउँपालिकाका अध्यक्षले सफाई पाएका छन् । अवैध रुपमा पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र प्रवेश गरी शिकार गरेको र सोमा प्रयोग भएको सवारी साधन र हातहतियार समेत जफत नगरी सफाई पाएका छन् ।

पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले वन्युजन्तुको अवैध चोरी शिकारीको घटनामा संलग्न रहेको आरोपमा पर्सा ३ (१) का प्रदेश सांसद प्रमोदकुमार जयसवाल, काठमाण्डु ५ (२) का प्रदेश सांसद श्याम खड्का र सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवालसहित ४७ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

२०८० पुस १७ मा निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले घटनास्थलमा रंगेहात पक्राउ परेका ५ सहित ११ जनालाई बिना इजाजत निकुञ्ज क्षेत्रमा निलगाई तथा चित्तलको शिकार गरेको पुष्टि भएकाले दोषी ठहर गरेका छन् भने दुई सांसद र पूर्वगाउँपालिका अध्यक्षले भने सफाई पाएका छन् ।

उनीहरु अवैध चोरीशिकारमा मतियारको रुपमा काम गरेको भन्दै मुद्दा दर्ता भएको थियो । स्वतन्त्रबाट निर्वाचित भएका जयसवाल चैत दोस्रो साता एमालेमा प्रवेश गरेर मधेश सरकारको शिक्षा तथा संस्कृति मन्त्री नियुक्त भएका छन् । भने खड्का कांग्रेसबाट निर्वाचित सांसद छन् ।

पक्राउ परेका प्रतिवादीहरु झापसदास थारु, नवराज बस्नेत, विशाल सहनी, दामोदार अधिकारी, म्लाङडोङ तामाङ, प्रकाश केसी, सुलम मियाँ अन्सारी, भोलाबहादुर थापा पुन मगरलाई ऐनको दफा २६(३) बमोजिम सजायको माग दाबी गरिएको थियो ।

सांसदद्वय र पूर्वगाउँपालिका अध्यक्षले मतियारको रुपमा काम गरेको ठहर गर्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २७ बमोजिम सजायको माग दाबी गरिएको थियो । उनीहरुलाई कसुरदारलाई लाग्ने सजायको सजायको आधा हुने गरी ५० हजार रुपैयाँ जरिवाना र एक वर्षसम्मको जरिवाना माग गरिएको थियो ।

# चैती दुर्गा पूजा




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित रामानन्द चोकमा चैती दुर्गा पूजा सुरु भएको छ ।

नरसिंह यूथ क्लबले रामानन्द चोकमा चैती दुर्गा पूजा विगत १४ वर्षदेखि मनाउँदै आएको छ ।

चैती दुर्गा पूजाको अवसरमा सो क्लबले आइतबार बेलनोती, सोमबार बेलतोडी, मंगलबार खोइँच भराइ, बुधबार १०८ कन्या तथा ५१ बटुकलाई भोजनको आयोजन गरिएको क्लबका अध्यक्ष पवन पँजियारले जानकारी दिए ।

# जनकपुरधाममा जुडशीतल मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित गंगासागरमा प्रकृति र संस्कृतिको पर्व जुडशीतल मनाइएको छ ।



जुडशीतल पर्वको अवसरमा जेष्ठ नागरिकले कनिष्ठको टाउकोमा पानी राखी आशिष दिएका थिए ।

माटो पानीसहितका प्रकृति र संस्कृति संरक्षण उद्देश्यले जुडशीतल पर्व मनाईंदै आएको छ ।

मानव सभ्यताको केन्द्र पोखरी, इनार र जलाशयको संरक्षण, जल प्रदूषण नियन्त्रण, माटोको महत्व तथा वृक्षरोपण गरी हरियालीमा वृद्धि र घर तथा समाजका जेष्ठ नागरिकहरुको महत्व तथा सम्मानका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न उद्देश्यले जुडशीतल पर्वमा मनाइँदै आएको छ ।

सो कार्यक्रममा डा. भोगेन्द्र झाले लोकपर्वको रुपमा रहेको जुडशीतल पर्व पूर्वजले सामाजिक, संस्कृतिलाई संरक्षणका साथै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न उद्देश्यले थालिएको बताए ।

मधेश प्रदेशका प्रदेश सांसद रामअशिष यादवले माटो, हावापानी, मानव, बोटबिरुवा, पशुपंक्षी तथा जीवजन्तुलाई संरक्षण गर्ने पर्वको रुपमा समेत जुडशीतल रहेको प्रस्ट गरे ।

# 'नेपाललाई भारतको सहयोग निरन्तर रहने छ'




**टुडे समाचारदाता**

वीरगञ्ज । भारतीय महावाणिज्य दूत देवी सहाय मिनाले नेपाललाई भारतले गर्दै आएको सहयोग निरन्तर जारी रहने बताएका छन् । मैत्री विकास साझेदारी कार्यक्रम अन्तर्गत बस तथा एम्बुलेन्स वितरण कार्यक्रममा महावाणिज्य दूत मिनाले नेपालको शिक्षा र स्वास्थ्यलाई अझ प्रभावकारी बनाउन भारतको सहयोग जारी रहने बताए ।

वीरगञ्जस्थित भारत महावाणिज्य दूतावास परिसरमा आयाजना गरिएको बस तथा एम्बुलेन्स वितरण कार्यक्रममा नेपाली जनताको आवश्यकता र शिक्षा क्षेत्रको सहजतालाई मध्यनजर गर्दै भारतीय महावाणिज्य दूतावासले विभिन्न विद्यालयहरुलाई बस तथा एम्बुलेन्स हस्तान्तरण गरेको छ ।

सन् १९९४ देखि भारत सरकारले भारतीय स्वतन्त्रता र गणतन्त्र दिवसको अवसरमा नेपाललाई सहयोग उपहार स्वरूप सवारी साधनहरू वितरण गर्दै आएको छ । धार्मिक र वैवाहिक सम्बन्धमा सदियौं देखि आधारित भारत र नेपालको बीच रहेको रोटीबेटीको सम्बन्धलाई सुमधुर बनाउन भारत सदैव तत्पर रहेको बताए ।

# सिटिजन्स बैंक र बेक एण्ड सेल्सबीच समझदारी

**टुडे समाचारदाता**




काठमाण्डु । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेड र काठमाण्डुस्थित बैंक एण्ड सेल्स बीच सिटिजन्स बेकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले बेक एण्ड सेल्सको नयाँबजार, माहाराजगञ्ज र सातदोबाटो शाखाहरुमा १० % सम्मको आकर्षक छुट पाउने छन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग इकाइहरुबाट १७ लाख ४६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान प्रवक्ता नारायण राज अधिकारीले जनाएको छ ।

# गहुँ खेतमा महिलाको शव

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको शहीदनगरमा एक महिलाको शव भेटिएको छ ।



जिल्लाको शहीदनगर नगरपालिका-४ स्थित ननपट्टीको गहुँ खेतमा हंसपुर नगरपालिका-७ की ५५ वर्षीया शुभदेवी मण्डलको शव भेटिएको धनुषा प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले मृतक महिलाको शरीरको विभिन्न भागमा घाउचोट देखिएकाले हत्या गरेर खेतमा फालेको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको बताए । घटनास्थलमा डग टोलीले अनुसन्धान भइरहेको उनले बताए ।

ननपट्टी माइत आएकी मृतक महिला शनिबार साँझदेखि नै हराइरहेकी थिइन् । खोजतालसको क्रममा गहुँ खेतमा हत्या गरिएको अवस्थामा शव फेला परेको छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राजश्व अनुसन्धानद्वारा करोड बढि राजश्व संकलन

**पर्साका प्रशासनले चालु आर्थिक वर्षको नौ महिनामा रु ५६ करोड एक लाख छ हजार नौ सय बराबरका राजस्व छलेर ल्याइएका सामान बरामद गरेको छ ।**

**टुडे समाचारदाता**

वीरगंज । राजस्व छलिको आशङ्कामा विभिन्न जिल्लाका प्रहरी कार्यालय तथा निकायबाट नियन्त्रणमा लिई बुझाइएका सवारीसाधन तथा फार्ममाथि कारबाही गरी राजस्व अनुसन्धान कार्यालय पथलैया बाराले चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिनामा एक करोड ६६ लाख भन्दाबढी राजस्व सङ्कलन गरेको छ । कार्यालयले कारबाही गरी कार्यालयले चालु अवको फागुन मसान्तसम्ममा सो बराबरको राजस्व सङ्कलन गरेको हो ।




कार्यालयका सूचना अधिकारी प्रमोदकुमार चौधरीका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीअन्तर्गतका विभिन्न कार्यालयबाट नियन्त्रणमा लिई कारबाहीका लागि सो अवधिमा बुझाइएका तीन सय चार फार्म तथा सवारीसाधनमाथि कारबाही गरी राजस्व सङ्कलन गरिएको छ । उक्त अवधिमा जिल्ला प्रहरी कार्यालय बारा वा अन्तर्गतका कार्यालयबाट बुझाइएका एक सय ७२ फार्म तथा सवारीसाधनमाथि गरिएको कारबाहीबाट सबै भन्दा बढी रु ५९ लाख १६ हजार ५० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्सा वा अन्तर्गतका कार्यालयबाट कारबाहीका लागि आएका फार्म तथा सवारीसाधनबाट रु २९ लाख ५६ हजार पाँच सय ६०, मकवानपुर वा अन्तर्गतका कार्यालयबाट रु १८ लाख ७९ हजार आठ सय ४८, जिल्ला प्रहरी कार्यालय धनुषा र सर्लाहीबाट नियन्त्रणमा लिइएको दुई/दुईवटा सवारी साधनबाट रु ७५ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले जानकारी दिए ।

सशस्त्र प्रहरी बल पर्सा वा अन्तर्गतबाट आएको १९ वटा सवारी साधनबाट रु ३७ लाख ८० हजार, बारा वा अन्तर्गतले नियन्त्रणमा लिएको ११ सवारीसाधनबाट रु १५ लाख सात हजार छ सय ७२, मकवानपुरबाट आएका १५ वटा सवार ीसाधन तथा फार्मबाट रु दुई लाख र सशस्त्र प्रहरी बल धनुषा वा अन्तर्गतबाट प्राप्त दुई सवारीसाधनबाट रु ५० हजार राजस्व सङ्कलन भएको उनको भनाइ छ ।

नौ महिनामा भन्सार छलीका ५६ करोडका सामान बरामद

पर्साका प्रशासनले चालु आर्थिक वर्षको नौ महिनामा रु ५६ करोड एक लाख छ हजार नौ सय बराबरका राजस्व छलेर ल्याइएका सामान बरामद गरेको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त र बेग्लाबेग्लै टोलीले उक्त अवधिमा भन्सार छली गरेका तथा बिलबिजकबमोजिम नभएका सामान बरामद गरेको हो । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले रु ५६ करोडभन्दा बढीका अवैध सामान बरामद गरिएको बताउँदै भने, “जिल्लाको एक सय सात किलोमिटर क्षेत्र भारतसँग खुला सिमाना जोडिएको छ । सीमित सुरक्षाकर्मीको सहयोगमा चोरी पैठारी नियन्त्रण गरिरहेका छौँ ।”

नेपाल प्रहरीले हालसम्म अवैध चोरी तस्करी तथा बिलबिजकभन्दा धेरै सामान ल्याएको भन्दै रु ३६ करोड ३९ लाख ८९ हजार नौ सय ६९ बराबरका सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बलले पनि चोरी तस्करी तथा बिलबिजकअनुसार नभएका रु १९ करोड ६१ लाख १६ हजार ४० बराबरका सामान नियन्त्रणमा लिएको छ । आव २०७८/७९ मा रु २३ करोड ४९ लाख २१ हजार एक सय ४५ मूल्य पर्ने सामान नियन्त्रणमा लिइएको थियो । आव २०७९/८० मा रु ४८ करोड नौ लाख ६४ हजार छ सय ४६ बराबरका सामान बरामद भएको थियो ।

प्रमुख जिल्ला अधिकारी भुसालले आपराधिक गतिविधि नियन्त्रणका निमित आफ्ना भारतीय समकक्षीसँग पनि मासिक रुपमा बैठक गर्दै आएको बताए । दशगजामा खेतीपाती, पशुहाट कुखुरा फार्म, माछा पोखरीलगायत संरचना निर्माण हुँदा अवाञ्छित गतिविधि नियन्त्रण चुनौतीपूर्ण बनेको बताए । सीमा सुरक्षा र त्यहाँ हुने अवैध कारोबार रोक्न संयुक्त गस्ती र बजार अनुगमन नियमित रूपमा भइरहको छ ।

# पर्सा निकुञ्ज वरिपरि पर्यटकीय संरचना निमार्ण क्रम बढ्दो

**टुडे सामाचारदाता**

वीरगंज । निकुञ्ज घुम्ने पर्यटकमा वृद्धि भएपछि पर्सा राष्ट्रिय निकुञ्ज वरिपरि होटल-रिसोर्टजस्ता पर्यटकीय संरचना निर्माणको क्रम बढ्दै गएको छ ।

मधेश प्रदेशको एकमात्र सो निकुञ्जमा स्वदेशी तथा विदेशी पर्यटक आउनेक्रम बढेसँगै निकुञ्ज वरिपरि रिसोर्ट तथा होटल खुल्ने क्रम बढेको हो । आरक्षबाट निकुञ्जमा स्तरोन्नति भएपछि स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न होटल व्यवसायीले ठूलो लगानीमा होटल तथा रिसोर्ट खोल्न थालेका हुन् ।




केही समयअघिसम्म दुई/तीन वटा मात्र होटल देखिने निकुञ्ज वरिपरि अहिले दुई दर्जनभन्दा बढी होटल तथा रिसोर्ट खुलेका होटल व्यवसायी सुमन श्रेष्ठले बताएका छन् । “निकुञ्जभित्र र बाहिर थुप्रै होटल तथा रिसोर्ट खुलेका छन्”, श्रेष्ठले भने, “अझै खुल्ने क्रम जारी छ ।” पर्सा निकुञ्जमा घुम्न आउने पर्यटकलाई लक्ष्य गरेर होटल खुलेका हुन् तर निकुञ्जमा पर्यटक नआउँदा समस्या भएको उनले बताए ।

निकुञ्ज नजिक दुई करोड ५० लाखको लगानीमा रिसोर्ट निर्माण भएको छभने मध्यवर्ती क्षेत्रको बफर जोनमा सामुदायिक होमस्टे सञ्चालन गरिएको छ । हात्तीको प्रमुख बासस्थान मानिएको निकुञ्जमा आउने आन्तरिक तथा बाह्य पर्यटक संख्या पनि बढ्दै गएको छ । पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई २०७४ सालमा नेपालको १२ औं निकुञ्जको रुपमा घोषणा गरिएको थियो । पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग जोडिएको निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकको लागि खुला गरिएको छ ।

प्राकृतिक सुन्दरतासँगै वन्यजन्तुको गर्न सकिने जैविक विविधताको धनि मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउने क्रम क्रमशः बढेको निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले बताए । चालु आर्थिक वर्षको आठ महिनामा छ १३ जना पर्यटक आएका छन् । निकुञ्ज घुम्न आउने पर्यटकमा सार्क मुलुकका १४ जना, र सार्क बाहिरका एक जना विदेशी पर्यटक रहेको सूचना अधिकारी भगतले बताए । अघिल्लो आवको सोही अवधिमा एक सय ४० जना पर्यटकले मात्र निकुञ्ज भ्रमण गरेका थिए ।

कूल ६२७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफमा फैलिएको सो निकुञ्जभित्र दुर्लभ पाटे बाघ, भालु, गैंडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाईजस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतली पाइन्छन् ।

# जुड–शीतल पर्व सम्पन्न



**टुडे समाचारदाता**

महोत्तरी । शीतलता प्रदान गरिने मान्यताका साथ मिथिलको पर्व जुडशितल सम्पन्न भएको छ । विक्रम संवत् परम्पराको नयाँ वर्ष प्रारम्भसँगै जीवनमा शीतलता छाओस् भनी ‘जुडशीतल’ पर्व मनाइने गरिन्छ ।

वैशाख १ गते सुरु हुने पर्वको भोलीपल्ट परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घजीवनको आशीर्वाद दिने चलन छ । यो पर्वमा किशोर र युवाहरू एकअर्कालाई हिलो छ्यापाछ्याप गरी रमाइलो गर्छन् ।

‘जुडशीतल’ मिथिलामा घरका कूलदेवताको पूजाआराधना गरिने पर्वमध्ये एउटा पर्व हो । यो पर्वमा पकाइने सबै खाद्य परिकार इष्टदेवता (कूलदेवता) लाई चढाउने परम्परा छ । बढ्दो गर्मीबीच मनाइने यो पर्वमा दहीको प्रयोगमा जोड दिइन्छ । त्यसैगरी गुणकारी सोहिजन (मुन्गा) को तरकारी, चनाको पिठोको बेसनबाट ‘बरी’ पकाएर ‘कढी-बरी’ (बरीलाई मथिएको दहीमा पकाएर बनाइने परिकार), काँचो केरा, लौका, परवलसहितका तरुवा पर्वका प्रमूख परिकार हुन् ।

पहिलो दिन चना (बदाम), जौँ, मकै, कँगनो, गहुँ, चामल र मुँगसहित सातथरि खाद्यान्नको सातु र माटोको आम्खोरामा सखखरको सर्वत बनाएर कूलदेवतालाई चढाइन्छ ।

कूलपुरोहित, ब्राह्मण र साधुलाई दान गरिन्छ । पहिलो दिन सातु र सर्वत खाने परम्परालाई मिथिलामा ‘सतुवाइन’ भन्ने गरिएको छ । ‘सतुवाइन’ मैथिल (मिथिलाका बासिन्दा) ले हिजै सम्पन्न गरेका छन् ।पर्वको दोस्रो दिन अर्थात् आज घरघरमा परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घजीवनको आशीर्वाद दिएका छन् ।

सहकालको प्रतीक मानिने यस पर्वमा वर्षभरि अनुकूल वर्षाको कामना गर्दै मैथिलहरु (मिथिलावासी) आइतबार मध्याह्न साथीसङ्गीबीच धुलो माटो र हिलो छ्यापाछ्याप गर्ने गर्छन् । जुडशीतल पर्वमा आफ्ना खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरी कहिल्यै चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ । धुलो र हिलो माटो छ्यापाछ्याप गर्नु पनि कृषि कार्यमा सधैँ लागिरहन पाइयोस् भन्ने कामना रहेको मिथिला संस्कृतिका जानकार भङ्गाहा-७ मेघरोलका चन्द्रनारायणसिंह थारू बताउछन् ।

मिथिलामा सबै जाति र समुदायले मनाउने यो पर्वको मुख्य सन्देश आपसी सद्भाव, हेलमेल र सहकार्य हो ।

# आज मच्छिन्द्र र पुलिसको भीडन्त

**टुडे समाचारदाता**

बारा । १४ औं जीतपुरसिमरा गोल्डकपको उपाधिका लागि मच्छिन्द्र फुटबल क्लब र नेपाल पुलिस क्लबबीच उपाधिका लागि भीडन्त हुने भएको छ । आज बेलुका सिमरा रंगशालामा फ्लड लाइटमा ’ए’ डिभिजनका यी दुई क्लबबीच उपाधि भीडन्त हुने जनाइएको छ ।




दुबै टोली उपाधि जितेर नयाँ वर्ष २०८१ का लागि आ-आफ्नो सौभाग्य बनाउन खोजेका छन् । आठ वर्षपछि पुलिस दोस्रो पटक जितपुर सिमरा गोल्डकपको उपाधिका लागि भीडन्त गर्दैछ । मच्छिन्द्र पहिलो पटक भीडन्त गर्ने भएको छ ।

यसअघि छैठौं सिमरा गोल्डकपको फाइनलमा प्रवेश गरेको पुलिस त्रिभुवन आर्मी क्लबसँग २-० ले पराजित हुँदै उपाधिबाट बञ्चित भएको थियो । मछिन्द्र भने चौँथो सिमरा गोल्डकपको सेमीफाइनलबाटै बाहिरिन पुगेको थियो । मनाङ मर्स्याङ्दी क्लबसँग १-० ले पराजित भएर फेरि फर्किएको मच्छिन्द्र १० वर्षपछि प्रतियोगिता खेल्न सिमरा मैदानमा आएर उपाधिको होडमा उत्रिदैं उपाधि हात पार्ने योजनामा छन् ।

फाइनल खेल मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको प्रमुख आतिथ्यतामा हुने आयोजक नवजनजागृति युवा क्लबका अध्यक्ष रामचन्द्र लामाले जानकारी दिए ।

सिमरा रंगशालाको मैदानमा तीन वर्षदेखि फ्लड लाइटमा हुँदै आएको हो । विजेताले १० लाख रुपैयाँ र उपविजेताले नगद पुरस्कारसहित ट्रफी प्राप्त गर्दै आएका छन् ।

# जसपाले बनायो महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिका समिति

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टी विधान अनुसार राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन सम्बन्धी निर्देशिका तयार समिति गठन गरेको छ ।




काठमाण्डुस्थित जसपाको केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य लालबाबु राउतको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ । सो समितिको सदस्यमा शिवलाल थापा र मनिषकुमार सुमन रहेका छन् ।

त्यस्तै वैशाख ३ गतेभित्र प्राप्त हुन आएका संठठित सदस्यहरूको विवरण मात्र राष्ट्रिय महाधिवेशन प्रयोजनको लागि अभिलेख राख्ने निर्णय भएको जनाइएको छ ।

# लाभ र शुभकार्यका लागि वास्तुशास्त्र

**काठमाण्डु** । विश्वकर्मा नामक देवतालाई वास्तुशास्त्रका प्रणेता मानिन्छ । आजको संसारको रचना र प्रत्येक रचनाको उत्कृष्टताका आधार विश्वकर्मा हुन् भन्ने शास्त्रीय मान्यता छ । विश्वकर्मा नै विभिन्न देवपुरका रचनाकार हुन् भन्ने शास्त्रीय आधार पनि छ । भगवान् शिव र पार्वतीको दर्शनका लागि देवताहरू जाँदै गरेका बेला नन्दी (शिवका बाहन)ले विश्वकर्मालाई वास्तुशास्त्रका विषयमा प्रेरित गर्दै शिवको आराधना गर्न लगाएको भन्ने मान्यता छ ।

यसरी विश्वकर्माले शिव स्तुति गर्दै आफूलाई सम्पूर्ण वास्तुशास्त्रको ज्ञान होस् र जगत्को हितमा काम गर्न प्रेरणा मिलोस् भनी वरदान मागेको उल्लेख छ ।

वास्तुशास्त्रको दोस्रो अध्यायमा विश्वकर्मा भन्छन्ः

***शम्भो जगत्पते नाथ यदि ते मय्यनुग्रहः ।***
***स्तुत्या प्रसिदसि त्वं मत्कृतया चन्द्रशेखर***
***वास्तुशास्त्र प्रकाशोऽस्तु मत्चित्ते तव वीक्षात् ॥***

“हे जगतपते यदि तपाई मेरो स्तुतिबाट प्रशन्न हुनुभएको हो भने मेरो मन या चित्तमा वास्तुशास्त्रीय ज्ञानको प्रकाश होस्” विश्वकर्माले वरदान मागेका थिए । उनले आफूमा देवालय, मानव गृह, विभिन्न शालाहरू, यन्त्र, सवारीसाधन या विमान, गोपुर या अन्य पुरलगायत समस्त निर्माणको वास्तुशास्त्रीय ज्ञान होस् भनी वरदान मागेकाले भगवान् शिवले विश्वकर्मामा समस्त निर्माणको ज्ञान दिएको भन्ने प्रसङ्ग शास्त्रमा वर्णित छ ।

***मदाज्ञया त्वं लोकानां निर्माणादिषु कौशलम् ।***
***लभस्व च शुभां कीर्तिं सर्वलोकहिताय च ॥***

भगवान् शिवले विश्वकर्मालाई समग्र संसारमा यश प्राप्त गर्दै लोकको हितमा काम गर्न वरदान दिनुभएको उल्लेख गरेको पाइन्छ । शिल्प शास्त्रका रूपमा लिइने वास्तुशास्त्रको समुचित प्रयोगले समस्त लोकमा धर्म, अर्थ, काम र मोक्षको सन्तुष्टि मिल्ने शास्त्रीय मान्यता छ ।

वास्तवमा वास्तुशास्त्रको मूल ग्रन्थका विषयमा विभिन्न मत पाइए पनि पूर्वीय मान्यतामा विश्वकर्मा प्रकाश या विश्वकर्मा वास्तुशास्त्रलाई प्रमुख आधार लिएर कार्य गर्ने गरेको पाइन्छ । देवशिल्पका लागि विश्वकर्माको वास्तुसँगै मय नामक दैत्यले विभिन्न पुर निर्माण गर्दै मयमतको सिर्जना गरेको पाइन्छ । खासगरी विभिन्न पुराणहरूमा पनि वास्तुको विषय चर्चा भएको उल्लेख छ ।

विद्वानहरूका अनुसार मत्स्यपुराण, भविष्यपुराण, गरुडपुराण, नारदपुराण आदिमा वास्तुको उल्लेख भएको छ । गृह वास्तु व्यवस्थामा गर्गसंहिता, वशिष्ठसंहिता, नारदसंहिताजस्ता ग्रन्थहरूले चर्चा गरेको बताइन्छ । यद्यपि समग्र वास्तुशास्त्रको श्रेय विश्वकर्मालाई जान्छ । पूर्वीय वैदिक सनातनमा विश्वकर्मा वास्तुलाई विशेष स्थान दिइएको छ ।



हिन्दू वैदिक मान्यतामा आधारित अनेक धार्मिकस्थल नै वास्तुशास्त्रका नमूना हुन् । देवालयहरूमा व्यवस्थित वास्तुकलाले विश्वलाई यसक्षेत्रमा आकर्षित गरेको पाइन्छ । सुखी, स्वस्थ र समृद्ध जीवनका लागि वास्तुशास्त्रको अवलम्बन महत्त्वपूर्ण पक्ष हो । हजारौँ वर्षअघि नै ऋषिमुनिहरूले यसको महत्व र आवश्यकता बुझेर मानव कल्याण हेतु विभिन्न सिद्धान्तलाई व्यवस्थितरूपमा प्रस्तुत गर्दै आए । कोही शिवभक्त थिए र उनीहरू शैव मान्यतालाई जोड दिँदै आए भने कोही विष्णुभक्त भएकाले विष्णु भगवान्को महिमा र मान्यतालाई पछ्याउँदै आए । तान्त्रिक मान्यतामा आगम र निगमको नियमलाई अधिक महत्व दिएका हुन्छन् । जसले जुन मान्यता लिए पनि समग्रमा मानवहितका लागि नै गरिएको छ ।

शिल्पशास्त्र अर्थात् वास्तुशास्त्रमा देवता, राजा र सर्वसाधारणका लागि समान हुँदैन । देव वास्तुमा मठ मन्दिर, देवालयहरू पर्छन् भने राजाहरूका लागि दरवारको निर्माणसँगै कोषागार, शस्त्रागार, कारागार जस्ता कुराहरू समेटिएका हुन्छन् । साधारण मानिसका लागि गृह वास्तुको व्यवस्थापन गरिन्छ । त्यसरी नै वास्तुमा मानिसको वर्णअनुसार विविधता हुन्छ । निर्माण तथा सजावटका फरकफरक विधि र व्यवस्था हुन्छन् । विभिन्न स्तम्भहरू, बाहाल, टुँडाल, मण्डप तथा अन्य यन्त्र निर्माणमा वास्तुको स्वतन्त्र व्यवस्था रहेको हुन्छ । रथ तथा विमान निर्माणको वास्तुकला फरक हुन्छ । कुनै निर्माणको स्थान, परिवेश, प्रकार र आकारअनुसार वास्तुकलाको विधान व्यवस्था गरिएको छ ।

सबै वास्तुशास्त्रीय मूल सिद्वान्त अत्यन्तै विधिसम्मत् छ । वास्तुले पहिलो शर्त मुहुर्तलाई लिएको हुन्छ । कुनै पनि कार्यका लागि समय सबैभन्दा बलवान हुन्छ । शुभ समय सबै समस्याको निकास र समाधान मानिन्छ । कार्यसम्पन्न गर्नका लागि उत्तम मुहुर्त अनिवार्य हुन्छ । कार्यारम्भ शुभ मुहुर्तमा भएन भने विभिन्न समस्या उत्पन्न हुन्छन् । धनको समस्या उत्पन्न हुनसक्छ । स्वास्थ्यमा समस्या उत्पन्न हुनसक्छ । त्यसैले निर्माण आरम्भ, शिलान्यास गर्दा, द्वार स्थापना गर्दा मुख्यस्तम्भ निर्माण गर्दा, छानो छाउँदा, गृहप्रवेश गर्दा शुभमुहुर्त अनिवार्य हेरिनुपर्छ । त्यसरी नै जलाशय निर्माण गर्दा, पुरानो घर जीर्णोद्धार गर्दा, भवनमा अग्निस्थापना अर्थात् चुल्हो निर्माण र बाल्दा शुभमुहुर्त छनोट गर्नुपर्छ । शिल्प विज्ञानको शुद्धता र त्यसको सुधार एउटा उपाय हो तर शुभमुहुर्तको प्रभाव अधिक रहन्छ । विश्वकर्माले शिल्प निर्माणमा शुभमुहुर्तलाई प्राथमिकतामा राखेको पाइन्छ ।

वास्तुशास्त्रमा कांकिणी विधिलाई पनि विशेष महत्व दिएको पाइन्छ । कुनै पनि स्थान र गृहस्वामीको शुभाशुभ हेर्न यस विधिको प्रयोग गरिन्छ । कुनै देश या जिल्ला, नगर अथवा गाउँ सम्बन्धित व्यक्तिका लागि शुभ छ-छैन भन्ने ज्ञात गरेरमात्र निवास निर्णय गरिनुपर्छ । यदि स्थान नै व्यक्तिका लागि शुभ छैन भने त्यो स्थानमा गृह निर्माण गर्नु हानिकारक हुनसक्छ । यसका लागि देश या स्थानको अङ्क र गृहस्वामीको अङ्कका आधारमा निर्णय गरिन्छ । मुहुर्त, कांकिणी, जमिनको आकार-प्रकार, रङ, गन्ध आदिको उचित शोधन अनिवार्य मानिन्छ ।

वास्तुशास्त्रले निर्माणस्थलको मापनलाई गहन अध्ययन गर्न सुझाउँछ । निर्माणस्थलको पिण्ड अथवा क्षेत्रफलको आधारमा त्यसलाई शुभाशुभ निर्णय गरेको हुन्छ । भूमिको पिण्ड र निर्माणको पिण्डबीचको सन्तुलन अनिवार्य मानिएको छ । पिण्डका आधारमा त्यस भूमिका फरकफरक लक्षण हुन्छन् भन्ने वास्तुशास्त्रको मान्यता छ । देश, काल र गृहस्वामीका आधारमा त्यसको मापन गरी विधिसम्मत शुभमुहुर्तमा निर्माण गर्दा सर्वोत्तम हुन्छ ।

वास्तु व्यक्तिअनुसार फरक र शुभ-अशुभ हुन्छ । एकका लागि अशुभ कार्य अर्काका लागि शुभ हुनसक्छ । विश्वकर्माकृत वास्तु या मयमत अथवा चाइनिज वास्तु या आधुनिक वस्तु सबैको मान्यता निवास या निर्माणस्थल जनहितका लागि तय गरिएको हुन्छ । पछिल्लो समयमा वास्तुशास्त्रका सिद्धान्तहरूलाई विज्ञानसँग जोडेर हेर्न प्रयास पनि भइरहेको छ । वैदिक वास्तुकै जगमा टेकेर आएका त्यसलाई प्रमाणित गर्ने काम पनि भइरहेको छ भने कहिँकतै आफ्ना नयाँ मत सिर्जना गर्ने प्रयास पनि भइरहेका छन् । वास्तु वैदिककालदेखि नै थियो र अहिले पनि यसको प्रभाव झन् बढ्दो छ । त्यसलाई राजमहलहरूमा मात्र सीमित गराउने प्रयास भए पनि पछिल्लो समयमा हरेक मानिस यस शास्त्रबाट अधिकतम् लाभ लिनसक्ने अवस्थामा छन् ।

शास्त्रीय मान्यतालाई वैज्ञानिक आधारहरू खोज्दै अधिकतम सदुपयोग गर्दा लाभ मिल्न सक्छ । तसर्थ आफ्नो घर, कार्यालय या अन्य निर्माणस्थललाई वास्तुशास्त्रसम्मत् बनाउँदै अधिकतम् लाभ उठाउन सकिन्छ । रासस

# घरबाहिर ननिस्कन दूतावासको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । इजरायलमाथि इरानी हमलापछि इजरायलको तेलअभिवस्थित नेपाली राजदूतावासले आइतबार अत्यावश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन त्यहाँ रहेका नेपालीहरुलाई आग्रह गरेको छ ।




आवश्यक सुरक्षाका लागि नेपालीलाई स्थानीय सुरक्षा प्रोटोकलहरुको पालना गर्न, आफ्नो क्षेत्रका लागि जारी गरिएका अद्यावधिक सूचनाबारेमा जानकार रहन पनि आग्रह गरिएको छ । यसैगरी आफ्नो सुरक्षातर्फ विशेष ध्यान दिन, अत्यावश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन तथा सुरक्षित आश्रयस्थलको सुविधा भएको स्थलको आसपासमै रहन समेत दूताबासले अनुरोध गरेको छ ।

दूतावासमा सम्पर्कका लागि द्वितीय सचिव कुमारबहादुर श्रेष्ठ, ०५२८२८९३०० र सहचारी सञ्जयकुमार साह ०५४५५८२०७७ तोकिएको छ ।इजरायलमाथि इरानी हमला सुरु भएको सन्दर्भमा हालै इजरायली होम फ्रन्ट कमाण्डद्वारा सर्वसाधारणका लागि नयाँ निर्देशनहरु जारी भएका छन् । उक्त आक्रमणपछि सोमबार राति ११ बजेसम्म लागू हुने गरी शैक्षिक क्रियाकलाप बन्द गर्ने र ठूलो स्तरको सभा/भेला नगर्ने भनी निर्देशन जारी भएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संसद छल्ने होइन

प्रतिनिधि सभाको हिउँदे अधिवेशनलाई सरकारले अन्त्य गरेको छ। प्रतिनिधि सभाको अधिवेशन अन्त्य गर्नुपर्ने कारण नेपाली कांग्रेसको निरन्तरको अवरोध हो। प्रतिनिधि सभाको बैठकमा कांग्रेसका सांसदहरुले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता भनिएको सहकारी काण्डको संसदीय छानबिन हुनुपर्ने माग गरिरहेका छन्। उनीहरुले छानबिन समिति गठन नभए सम्म गृहमन्त्रीलाई संसदमा बोल्न अवरोध जारी राख्ने अडान छाडेका छैनन्। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सत्ता गठबन्धनमा रहेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसदीय छानबिन समिति गठन नहुने अडानमा छन्। त्यसको पनि प्रमुख कारण उपप्रधान एवं गृहमन्त्री लामिछाने नै हुन्। लामिछानेले संसदीय छानबिन समिति गठन भए सरकार छाड्ने धम्की प्रधानमन्त्री प्रचण्डलाई दिँदै आएका छन्। लामिछाने अध्यक्ष रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले समर्थन फिर्ता लिए सरकार ढल्ने निश्चित छ। प्रधानमन्त्री प्रचण्डले गठबन्धन फेरबदल गर्दा उत्पन्न भएको यो गम्भीर समस्या हो। यसलाई संसदबाट नै निकास खोज्नु उपयुक्त हुनेछ। सरकारले संसदलाई छलेर धेरै दिन टिक्न सक्दैन। प्रमुख प्रतिपक्षी लगायतका विपक्षी दलहरु सरकारप्रति आक्रामक बन्न थालेका छन्। सत्तासीन गठबन्धनमा रहेका दलहरु मध्ये निर्णायक जनता समाजवादी पार्टी(जसपा) नेपाल र नेकपा एसले पनि संसदको गतिरोध हटाउन प्रमुख प्रतिपक्षी दलको माग सम्बोधन गर्नुपर्नेमा जोड दिन थालेका छन्। त्यसले सरकार कमजोर भएको सन्देश गएको छ। संसद प्रतिपक्षको हुन्छ। संसद चलाउन प्रधानमन्त्रीले प्रतिपक्षको सहयोग लिनै पर्ने हुन्छ। सहकारीहरुमा भएको अर्बौं रुपैयाँको अपचलन छानबिन गर्न सरकारले संसदीय छानबिन समिति गठन नगरे बजेट अधिवेशन पनि चलाउन सहज हुने छैन। सरकारसित दुईवटा प्रमुख विकल्प अहिले देखिएको छ। पहिलो विकल्प संसदीय छानबिन गठन गरी प्रमुख प्रतिपक्षीलाई विश्वासमा लिएर संसदलाई नियमितता प्रदान गर्नु हो। अर्को विकल्प प्रधानमन्त्रीले राजीनामा दिनु हो। प्रतिनिधि सभामा बल प्रयोग गरेर सरकारले संसद चलाउन सक्दैन। प्रमुख प्रतिपक्षी दल अत्यन्त सशक्त र देशमा नै प्रभावशाली संगठन भएको छ। संसदमा सरकारले बल प्रयोग गर्न चाहे सडकबाट सरकारलाई फाल्न सक्ने क्षमता विपक्षी दलहरुसित रहेको छ। त्यसकारण पनि सरकारले संसद छल्नु भन्दा त्यसको सुरक्षित अवतरणको मार्ग खोज्नु उपयुक्त हुनेछ। लोकतन्त्रमा सबै समस्याको निकास दिने शक्तिशाली निकाय संसद हो। सरकार संसदबाट भाग्ने होइन। समाधानका लागि निरन्तर प्रयास गर्नुपर्छ।

# आधुनिक विश्व नियालिरहेको नयाँ पुस्ता

**डा.ध्रुब बी.खडका**

नेपालको पछिल्लो पुस्ता जुनसुकै पारिवारिक पृष्ठभूमिको किन नहोस् मुख्यतः आर्थिक सुनिश्चितताको लागि देश बाहिर भरपर्दो ओत खोजिरहेको छ। आजका दिनमा प्राकृतिक स्रोत साधनको सदुपयोगले गल्फिएको नयाँ आर्थिक कल्पवृक्ष नेपाली समाजको ठूलो तप्काको जीवन धान्ने बाफिलो आर्थिक छहारी भएको छ। कसैलाई विज्ञान-प्रविधिको विकासको मलजलले मजबुत जरा सहित झाँगिएको बहुआयामिक कल्पवृक्षले भरपर्दो आर्थिक ओत तथा समाउने हाँगो दिएको छ। नेपाली समाजको सदियौंदेखिको लाहुरे विरासत विश्वव्यापी हुँदै गइरहेको अवस्था आजको तितो यथार्थ हो।

कोही युवाहरू औजारविहीन हात र खाली खुट्टामा मरुभूमिको तातो हावा लिंदै आर्थिक शितलता खोज्दैछौं त कोही नेपालमा बोलिने १३१ थरीका राष्ट्रिय भाषाहरूलाई इतिहासमा थन्काउँदै विश्व साम्राज्य बनाएको अंग्रेजी भाषाका अलावा आफ्नै भूमिमा आर्थिक साम्राज्यको इमारत खडा गरेका देशहरूका हान्गुल, निहोन, हिब्रू, मान्डरिन जस्ता अनेकौं भाषाहरूमा श्रमका गीतको सुगारटान गर्न विवश छौं। यही विवशतालाई पछ्याउँदै, सन् २०२१ को तथ्यांक अनुसार २ करोड ९० लाख जनसंख्यामा लगभग ८ प्रतिशत नेपाली देश बाहिर छन्।

त्यसो त विश्वव्यापीकरणसँगै आप्रवासको माहोल नेपालमा मात्र होइन विश्वमा नै बढिरहेको छ। विश्व आप्रवासको रिपोर्ट अनुसार नेपालको कुल जनसंख्याको १० गुणा बढी लगभग ३० करोड मानिसहरू आप्रवासमा छन्। जुन विश्व जनसंख्याको लगभग ४ प्रतिशत हो।

आजका दिनमा विप्रेषण अर्थतन्त्रमा, ठूलो विप्रेषणको स्रोत शीर्ष तीन देशमा युएसए, युएई र साउदी अरब हुन् भने एशियाका ठूलो ढुकुटी भएका भारत र चीन उच्च विप्रेषण भित्र्याउनेमा पर्छन्। नेपालको सन्दर्भमा भने जीडीपीको लगभग २५ प्रतिशत विप्रेषणले धानेको छ। जुन विश्वको सातौं उच्च निर्भरता हो। हरेक वर्ष लाखको सङ्ख्यामा विद्यार्थी भिसामा जानेहरूको नयाँ उभारले देशको श्रम मात्र होइन शिक्षा क्षेत्रलाई पनि चुनौती थपिदिएको छ।

विप्रेषणले तत्कालको लागि देशको भकारीमा अन्न थपिएर अनिकाल टरे तापनि हामीले आफ्नो भूमिमा रोप्नुपर्ने बालीको बीउहरू बेचेर पाउरोटी खाइरहेका छौं। यो परनिर्भरताले देशको आफ्नै आर्थिक जग निर्माणमा कमजोर भएको छ। जीवन दैनिकीकै लागि हामीले विदेशिनुपर्ने स्थिति दशकौंदेखि चलिरहनु देशका शासकको नालायकी नै हो।

प्राकृतिक तथा मानव स्रोत-साधनको प्रचुरताको बाबजुद सदियौंदेखिको मलिलो भूमिमा हामीले किन बहुआयामिक कल्पवृक्षहरू उमार्न र हुर्काउन सकेनौं? यो यक्ष प्रश्नको उत्तर २०१७ देखि २०६२ सालसम्म लोकतन्त्रको लागि लडेको पुरानो पुस्ताले मात्र होइन, २०६२/६३ को पूर्ण लोकतन्त्र पछि हुर्किएको पुस्ताले पनि दिनुपर्ने समय आइसकेको छ। नयाँ पुस्ताले विगतका शासकले देश विकासमा गरेका गल्तीबाट पाठ सिक्दै विश्व विकासको वेगलाई पक्रिएर देशको नेतृत्वको लगाम पक्रिनुपर्ने हो तर मौजुदा नयाँ पुस्ता कलुषित राजनीतिक प्रवृतिको फेरो समातेर पितृ नेताहरूसँगै सत्ता वरिपरि ताते गरिरहेको छ।

### विश्व विकास प्रवाहमा नेपाल कहा चुक्यो?

इतिहासमा सयौं कोणका फेहरिस्तहरू छन्। पृथ्वीनारायण शाहले सन् १७४३ तिर २० वर्षको उमेरमा सत्ता सम्हाले। २८० वर्षअघि विश्व साम्राज्यवादको माहोल बुझेर राज्य एकीकरणको महाभियान चलाए। आधुनिक नेपालको एकीकृत भूगोल स्थापनाको दूरदर्शी चेतले विश्व साम्राज्यवादको पञ्जाबाट तत्कालीन शासकले देशको मानचित्र सुरक्षित गर्ने चुनौतीपूर्ण काम गरे।

तर त्यसयताका शासकहरू आधुनिक विकासको विश्व म्याराथुनमा देशलाई गतिशील बनाउन चुके। दरबार र भारदारको सत्ता द्वन्द्वको अल्झनबाट १०४ वर्षको राणाकालमा कालो सुरूङमा छिर्दा देश नजरबन्दमा पर्‍यो। विश्व राजनीतिले नागरिक स्वतन्त्रता र विकासको आधुनिक युगको रकेट यात्रा गरिरहँदा, एक शताब्दीको कालो कोठरीबाट भर्खरै मात्र निस्केर नागरिक नेतृत्वले बाहिरी विश्व नियाल्न नपाउँदै हाम्रो देश लगभग ६ दशक किस्ताबन्दी लोकतन्त्रको उल्झनमा पर्‍यो। पटक-पटक अवसरै अवसर पाउँदा पनि सदुपयोग गर्न नेतृत्व चुक्दा देश भीख माग्नेको स्थितिबाट माथि उठ्नै सकेन।

नेपाल चुकेको पहिलो कालखण्ड हो राणाकाल। जुन कालखण्डमा पश्चिमी साम्राज्यवादको सिको र सहकार्य गर्दै सम्राट मैजी (सन् १८६८-१९१२) ४४ वर्ष नेतृत्व गरेर जापानलाई आधुनिक देश मात्र होइन विश्व शक्तिको रूपमा स्थापित गरेका थिए। त्यो बेला नेपालमा विश्वको सम्राट बेलायतसँग घनिष्ट सम्बन्ध भएका र सघन सहकार्य गरेका शक्तिशाली प्रधानमन्त्री जंगबहादुर राणाले सन् १८४६ देखि १८७७ सम्म ३१ वर्ष एकलौटी शासन गरेका थिए।

जापानी राजाले समयको गतिलाई पक्रेर आर्थिक जग र भौगोलिक सीमाहरू बढाइरहँदा नेपाली शासक भने एक सय वर्षको कालो समयमा देशको चारकिल्ला संरक्षण मात्रमा सीमित भए। आधुनिक विकासको स्वर्णिम समयको चेत भने मोजमस्तीमा बन्धकी राखे। सम्राट मैजीको आधुनिक जगमा खडा भएको एशियाको आर्थिक साम्राज्य यति बलियो बन्यो कि सन् १९४५ को विध्वंसकारी अमेरिकी एटम बमले बनाएको हजारौंको अग्नि चिहानबाट खरानी टकटक्याउँदै एकाध दशकमा विज्ञान-प्रविधिको अभूतपूर्व विकासको दरिलो जगमा विश्वव्यापी आर्थिक साम्राज्य स्थापित गर्‍यो।

युद्धको चिहानबाट उदाएको अर्को देश कोरिया पनि नेपाली शासकको लागि प्रेरणा बन्न सकेन। आजको दिनमा लाखको संख्यामा नेपालीहरूको रोजीरोटीको गन्तव्य बनेको एशियाको अर्को समृद्ध देश दक्षिण कोरिया। यो देश तीस लाख मानिसको चिहान बनेको कोरिया युद्धको सन् १९५३ मा समाप्तिसँगै चरम आर्थिक संकट र राजनीतिक अस्थिरताको भुमरीमा फसिरहँदा नेपालमा २००७ सालको क्रान्तिपछि लोकतन्त्रको बहाली भइसकेको थियो।

राजनीतिक खिचातानीका क्रममा कोरियाका तत्कालीन सेनाप्रमुख चुंग ही पार्कले सन् १९६१ मा सैन्य कु मार्फत देशको सत्ता हातमा लिएर १८ वर्ष शासन गर्दा आधुनिक कोरियाको दरिलो जग बसाल्दै आर्थिक उन्नतिको राजमार्ग बनाए। नेपालको इतिहासमा त्यो कालखण्डमा राजा महेन्द्रले राजनीतिक कु मार्फत स्थापित पञ्चायती शासन थियो। महेन्द्र स्वयंले १७ वर्ष (सन् १९५५ देखि १९७२) सम्म प्रत्यक्ष शासन गरेका थिए।

लगभग उही समयखण्डमा उही प्रकृतिका कोरियन शासक चुंग ही पार्कले युद्धको चिहानले खण्डहर भएको देशमा यावत् चुनौतीलाई पन्छाउँदै समृद्धिको महल बनाउँदै गर्दा हाम्रा तत्कालीन शासकले तुलनात्मक रूपमा अनुकूल समयको सदुपयोग गर्दै आर्थिक उन्नतिका दह्रो र भरपर्दो जग गाड्न सकेनन्। राजा महेन्द्रले ठोस जग बसाउने प्रयास गरेका थिए तर उनको समृद्धिको ब्लुप्रिन्ट बोकेको गाडी बेथितिको भारले थिचिएर आधुनिक विकासको लोकमार्गमा गुड्नै सकेन।

अर्को उल्लेखनीय तथ्य नेपालको पंचायतकालमै अर्को दृष्टान्त सिंगापुरले देखायो। महेन्द्रकालको सुरुवाती समय (सन् १९५९) देखि सिंगापुरको सत्ता सम्हालेका ली क्वानले आफ्नो तीसवर्षे शासनकाल (सन् १९९०) अर्थात् हाम्रो पूरा पंचायत सत्ताको समयावधिमा खोरिया जस्तो भूगोलमा रणनीतिक चातुर्यका साथ आधुनिक सिंगापुरको निर्माण गर्न सफल भएका थिए।

नेपालमा भने विश्व शीतयुद्धको फाइदा उठाउँदै आधुनिक विकासको जग बसाल्नुपर्ने त्यो स्वर्ण समय अपहरित लोकतन्त्रको प्राप्तिको आन्तरिक संघर्षमा बितायो। जहानियाँ शासनबाट खोसिएको राज्य सत्ता २००७ देखि २०४६ सालको समयमा आन्तरिक राजनीतिको कुवाभित्र लुकामारी गर्दै खेर गयो। २०४६ सालपछि पनि आन्तरिक राजनीति यति अस्थिर र विकृत भयो कि प्रजातन्त्र बहाली भएको एकाध वर्ष नबित्दै देश युद्धमा फस्यो।

यही समयको सेरोफेरोमा हाम्रा नेताहरूले पछिल्लो समय दृष्टान्त दिने गरेको मलेसियाको विकासका सफल आर्किटेक्चर महाथिर मोहमदले २४ वर्ष नेतृत्व गरेर २०६० सालमा विकसित मलेशिया नयाँ पुस्तालाई हस्तान्तरण गरेका थिए। दुखद संयोग, मलेशियामा मेडिकल डाक्टरले देशको नेतृत्व गरेर आर्थिक निर्माण गरिरहँदा, नेपालका विख्यात विद्वान तथा पेशाले आर्किटेक्चर डा. बाबुराम भट्टराई लगायतको नेतृत्वले भूमिगत जनसरकार गठन गरी पूर्ण लोकतन्त्रको बिगुल फुक्दै विध्वंसको महाभियान चलाइरहेको थियो।

नेपाली नागरिकको दुर्भाग्य यस्तो भयो कि देशमा थरी-थरीको शासन प्रणाली त आयो तर आजका दिनसम्म जापानका-मैजी, कोरियाका-पार्क, सिंगापुरका-ली तथा मलेसियाका-महाथिर जस्तो समयको गति र चुनौतीलाई सामना गर्दै आधुनिक देश निर्माणको नेतृत्व गर्न सक्ने ल्याकत भएको योग्य भूमिपुत्रहरू निस्किएनन्।

### अहिले हामी कहाँ छौं ?

माथि उल्लिखित विभिन्न देशहरूले आधुनिक विकासको जग हालिरहँदा हाम्रो देशले किमतीवाला दिनहरू कुवाभित्र लेफ्ट-राइट गर्दै खेर फाल्यो। दोस्रो विश्व युद्धको अन्त्यसँगै विश्व राजनीति, आर्थिक विकासको महाअभियान माहोलमा क्षेत्रीय गठबन्धनको साझेदार र गैर-सरकारी सहयोगको संजालको युगमा प्रवेश गर्‍यो तर नेतृत्वले अवसरलाई सदुपयोग गर्न सकेन।

> पहिलो विश्वको त्यो माहोल बुझेको पुस्ताको सक्रिय हस्तक्षेपबाट नै आफ्नो जमिनमा ती अवसरहरुको सृजना सम्भव छ। विगतमा नयाँ-पुराना शासकहरुले अन्तर्राष्ट्रिय माहोल बुझेर आफ्नै माटोमा सम्भावनाहरुको बिरुवा हुर्काउन असफल भएकै हो। अबका दिनमा आधुनिक विश्व नजिकबाट बुझेको नयाँ पुस्ताले यावत् चुनौतीलाई चिरेर सबै सम्भावनाहरुलाई देशको जमिनमा स्थापित गर्ने अभियानको नेतृत्व गर्ने बेला आएको छ।

विज्ञानको भाषामा भन्दा देशको राजनीतिक नीति र नेतृत्वको बलले आधुनिक आर्थिक दूरी पार गरेन। जसले कार्य परिणाम शून्य प्रायः बनायो। देशको कुनै खास सामर्थ्य विकास हुन सकेन। यसले देश जीवनमा दुई कमजोरी प्रतिविम्बित गर्छ। पहिलो, राजनीति, सुशासन तथा आर्थिक नीति परिपूरक नहुनु। दोस्रो, देशले आर्थिक उडानलाई गतिशील बनाउन देशको नेतृत्वको दूरदृष्टि गुरुत्वबल कमजोर हुनु। मुख्यतः देशले समृद्धिमा उडानका बाधाहरूको जमिनी समाधानका रेसाहरू केलाउन सक्ने रचनात्मक नेतृत्वको खडेरी परेको छ।

नेपालको प्रगति मापनका अन्तर्राष्ट्रिय सूचकहरूमा दशकौंदेखि भुमरीमा फसेको देख्न सकिन्छ। नेताहरूले अक्सर वि.सं. २००७ देखिको होस् या पंचायत काल र २०४७ सालयताको देशको शिक्षा, स्वास्थ्य, यातायात संजाल, आर्थिक तथा सामाजिक क्षेत्रका तथ्यको तुलना गर्दै प्रगतिका सूचकांकहरूको सुधार भएको दाबी गरेको पाइन्छ। हिजोभन्दा देश विकासका हरेक सूचकांकहरूमा प्रगति भएको सत्य हो तर यो प्रगति राज्यको भन्दा पनि विकास समयको वहाब र नागरिकको निजी प्रयासबाट भएको हो।

अहिले हुँदै गरेको प्रगतिको तथ्यांकको वृद्धि एक स्वस्थ बालकको उमेरजन्य हुर्काइ जस्तो मात्रै हो। देशको नीति र नेतृत्वले ल्याएको विकास भनेको माथि उल्लेख गरिएका मलेसिया, सिंगापुर, कोरिया र जापान जस्ता देशहरूको कुनै एक कालखण्डमा जस्तो हुनुपर्छ। जहाँ आफ्नै दरिलो आधार सहित ज्यामितीय अनुपातको आर्थिक वृद्धिसँगै देश जीवनका हरेक सूचकांकहरूले छोटो समयमा विश्व गुणस्तरको उचाइमा छलाङ मार्छन्।

हाम्रो देशमा भने वि.सं. १९०३, २००७, २०१७, २०४७ र २०६३ मा भएका मुख्य राजनीतिक घटनापछि उदाएका तत्कालीन नेतृत्वले आफ्नो कार्यकालमा विश्व विकासको प्रवाहलाई समेट्ने कुनै उल्लेख्य काम गरेनन्, जसले देशको आर्थिक विकासमा छलाङ हान्न सकेको होस्।

जतिसुकै तथ्यांक खेलाएर विगत र वर्तमानको तुलना गरे पनि आजको जमिनी सत्य भनेको नेपाल दक्षिणएशियाको सबैभन्दा गरिब र विश्वको १९६ देशहरूमा १७औं गरिब देश हो। प्रतिव्यक्ति आय, बाँच्ने आयु, साक्षरता, आधुनिक सुविधामा आम पहुँच बढे पनि त्यसमा राज्यको नेतृत्वमा खडे बाबाभन्दा अलिकति बढी ठूलो भूमिका मात्रै छ।

दशकौंदेखि विकसित देश तथा गैर-सरकारी संस्थाहरूले दिएको आर्थिक सहयोग र अनुदानको सही ठाउँमा सही तरिकाले सदुपयोग भएको हुन्थ्यो भने अहिले बामे सरिरहेका मानव संसाधनका परिसूचकहरूले भ्यागुते फड्को मारिरहेका हुन्थे। तर आजका दिनसम्म पनि देशको ढुकुटी लाहुरे विरासतले निरन्तर भरिरहेको छ। देशको जीडीपीको एक चौथाइ विप्रेषणले ओगटेको छ। यसलाई घटाउने हुटहुटी सहितको ठोस योजना देखिंदैन।

देशको शिक्षा, सुशासन तथा आर्थिक गतिविधिहरूको चुस्तता दयालाग्दो छ। ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)ले वार्षिक निकाल्ने १८० देशहरू सूचीकृत भएको सुशासनको इन्डेक्समा पछिल्लो रिपोर्ट (२०२३) मा ३५/१०० अंकसहित ११०औं स्थानमा रहेको छ। जबकि सन् २०१२ मा २७/१०० अंक पाएको थियो। दशकौंदेखिको भ्रष्टाचारको रातो बत्ती नियन्त्रणको ठोस पहल हुनसकेको छैन।

दुःखको कुरा इतिहासमा तत्कालीन शासकले विश्व विकासको गतिमा देशलाई हिंडाउन चुके जस्तै गणतन्त्र नेपालको नेतृत्वहरू पनि पुरानै गल्ती दोहोर्‍याउँदै छन्। अरुले गरेका विकास र समृद्धि कर्महरूका पाठक मात्र भएका छौं। देशको माटोसँग जोडिएको शैक्षिक नीति, विज्ञान तथा सूचना-प्रविधिसँग जोडिएको जनशक्ति, पर्यटन र औद्योगीकरणको जगमा उभिएको आर्थिक सबलता बनाउन चुकिरहेका छन्। नयाँ पुस्ताले असफल नेतृत्वको इतिहास दोहोर्‍याउने बाटोमा हिंडे देश पुनः अर्को भड्खालोमा पर्ने निश्चित छ।

### आधुनिक विश्व नियालिरहेको नयाँ पुस्ता

नयाँ पुस्ताले आधुनिक विश्वको गतिशील समय नजिकबाट बुझेको मात्र होइन अनुभूति नै गरेको छ। नव युवाहरूले सूचना-प्रविधिले खुल्ला गरेको अथाह ज्ञानको सदुपयोग गर्दै सफ्टवेयरको क्षेत्रमा अभूतपूर्व सफलता हासिल गरिरहेका छन्। सूचना-प्रविधिको साम्राज्यले हाम्रो मस्तिष्कको कृत्रिम तथा भावनात्मक इन्जिनियरिङ गरेर आफू अनुकूल प्रयोग गरिरहेको छ।

अब त झन् सूचना-प्रविधिको साम्राज्यबाट देश मात्र होइन नागरिकको सोच माथि नै दूर नियन्त्रण स्थापित गर्ने मोडमा विश्व आइपुगेको छ। जहाँ हामी स्वतः सामेल र समाहित हुँदै आएका छौं। तर हाम्रो जमिन भने निकै फरक छ।

पहिलो विश्वले मंगल ग्रहमा पानी खोज्दै बस्ती बसाल्ने योजना बनाउँदैछ। हामी भने देशको राजधानीको पुरिएको नदी खोज्न र किनारको बस्ती/सडक व्यवस्थित गर्न सकिरहेका छैनौं।

सय वर्ष अघि विश्व माहोल नबुझेर पछिपरेको नेपाल अहिले पनि किंकर्तव्यविमूढ नै छ। हामी युवाहरूलाई बेचेर सुनको थालमा प्वाल परी कुशासनका मतियारहरूलाई बोकी लेफ्ट-राइट गरिरहेका छौं। प्रकृति स्रोत-साधनको धनी देश भीरको चिन्डो जस्तो भएको छ। युएन, युएनडीपी, विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा दीक्षित संसार बुझेका विज्ञहरू समाधान केन्द्रित साधक भन्दा विकास अर्थशास्त्रका सूचना तथा तथ्यांकका प्रवक्ता भएका छन्। राज्य संयन्त्रले देशको जमिनी समस्या नियालेर समाधान निकाल्ने ल्याकत बनाउन सकेको देखिंदैन।

देशको नेतृत्व सत्ता केन्द्रित राजनीतिमा भुलिरहँदा, भूमण्डलीकरणले दिएको विश्व विकास र पहुँचलाई नजिकबाट बुझेको नयाँ पुस्ता अधीर बनेको स्थिति छ। अरुले पुस्तौं कडा मिहिनेत गरेर हुर्काइदिएको बहुआयामिक कल्पवृक्षको बनिबनाउ संसारमा समाहित हुन चाहने बाध्यात्मक र खहरे मनोविज्ञानले उर्वर भूमि सदुपयोग विना नै बन्जर हुने सम्भावना छ। पूर्ण लोकतन्त्र त आयो तर राजतन्त्र र राणाकालमा गडेको वंश र परिवारवादले अहिलेका राजनीतिक दलमा निरन्तरता पाएको छ। यो कु-तन्त्रको निरन्तरताको क्रमभंगता अहिलेको प्रमुख चुनौती हो।

योग्यता, क्षमता र दक्षताको आधारमा देशका विभिन्न क्षेत्रहरूमा अवसरको सुनिश्चितता हुनसकेको छैन। २१औं शताब्दीको मेरिट चेत हाम्रो जमिनमा स्थापित गर्न राज्य सचेत देखिंदैन। नयाँ पुस्ता राज्यले सृजना गरेको यस्ता समस्याहरूबाट वाक्कदिक्क भएको छ। पहिलो विश्वको श्रम बजारका हरेक क्षेत्रमा सहज पहुँच बनाउन सक्छ।

पहिलो विश्वको त्यो माहोल बुझेको पुस्ताको सक्रिय हस्तक्षेपबाट नै आफ्नो जमिनमा ती अवसरहरूको सृजना सम्भव छ। विगतमा नयाँ-पुराना शासकहरूले अन्तर्राष्ट्रिय माहोल बुझेर आफ्नै माटोमा सम्भावनाहरूको बिरुवा हुर्काउन असफल भएकै हो। अबका दिनमा आधुनिक विश्व नजिकबाट बुझेको नयाँ पुस्ताले यावत् चुनौतीलाई चिरेर सबै सम्भावनाहरूलाई देशको जमिनमा स्थापित गर्ने अभियानको नेतृत्व गर्ने बेला आएको छ। (खड्का भौतिक विज्ञानका अनुसन्धानकर्ता हुन्।)

# अम्बेडकर विचारधारा र अलमलिएको नेपाली दलित आन्दोलन

**हिरा विश्वकर्मा**

म जन्मिनुभन्दा करीब ८ वर्ष पहिले अम्बेडकर दिवंगत भइसकेका थिए। तर अम्बेडकरलाई साक्षात्कार रूपमा भेटेर काठमाडौं डल्लु क्षेत्रको खड्गी र द्यौलाबस्ती घुमाउने दलित आन्दोलनका अग्रणी नेताहरूमध्ये एक मोहनलाल कपालीलाई पटक-पटक भेट्ने अवसर प्राप्त गरेको छु।२०११ सालमा राजा महेन्द्रलाई संरक्षक र अतिथि बनाउँदै आयोजना गरिएको प्रथम अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन गर्न अम्बेडकर नेपाल आएका थिए। उनलाई राजा महेन्द्रले राम्रो आतिथ्यता गर्दै शीतलनिवास (हालको राष्ट्रपति भवन) मा बसाएका थिए।

भारतका तत्कालीन समयका नेता तथा स्वतन्त्रता सेनानीहरू गान्धी, नेहरू, पटेल, राजेन्द्रप्रसाद जस्ता दिग्गज मात्रै नभएर उनीहरू आफैंमा प्रखर बौद्धिक व्यक्तित्व पनि थिए। उनीहरूलाई टक्कर मात्रै नभइकन बौद्धिक रूपमा परास्त गर्न सक्ने व्यक्तित्व थिए अम्बेडकर।उनले जीवनभर दलित अधिकारको लागि बढी भन्ने गरिएता पनि उनी महिला, आदिवासी तथा पिछडिएका समुदायका पनि प्रखर नेता थिए। उनले भारतको संविधान निर्माण गर्दा केवल दलितका अधिकार मात्रै स्थापित गरिदिएनन्, उनी सरहका कुनै पनि आदिवासी नेताहरू नहुँदा नहुँदै पनि दलित र आदिवासीहरूका लागि उत्तिकै अधिकार उनीहरूको जनसंख्याको अनुपातमा स्थापित गरिदिए।

अर्थात् अहिले भारतमा शिक्षा तथा सरकारी रोजगारी र निर्वाचन प्रणालीमा जुन दलितका लागि १६ प्रतिशत तथा आदिवासीका लागि ७.५ प्रतिशत आरक्षणको व्यवस्था गरिदिएका थिए अहिलेसम्म पनि त्यो लागू भइरहेको छ। त्यसमा पिछडा वर्ग तथा आर्थिक रूपले विपन्न सवर्णहरू पनि समेटिएका छन्।२०११ सालमा उनले गरेको नेपाल भ्रमणका धेरै अविस्मरणीय घटनाहरू दलितका लागि त छँदैछन्। खासगरी बुद्ध र कार्ल मार्क्सलाई एकै ठाउँमा उभ्याउने काम संभवतः संसारका अन्य कुनै पनि विद्वान्हरूले गरेका छैनन् तर उनले सो बौद्ध सम्मेलनमा एउटा कार्यपत्र प्रस्तुत गर्दै त्यो काम गरेका छन्। त्यतिवेला कार्ल मार्क्सको साम्यवादी सिद्धान्तको बिगबिगी थियो। किनभने चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी गणतन्त्र चीनको स्थापना भएको थियो भने सन् १९१७ मा लेनिनको नेतृत्वमा वोल्सेभिक क्रान्ति मार्फत साम्यवादी शासनको अभ्यास मात्रै भइरहेको थिएन, पूँजीवादी शासनलाई प्रतिनिधित्व गर्ने अमेरिकालाई चुनौती दिइरहेको थियो।कतिसम्म भने कम्युनिस्ट सिद्धान्तको समाजवाद नभने पनि नेहरूले समेत आफूलाई समाजवादी भन्थे भने हाम्रै बीपी कोइराला आफूलाई मार्क्सवादी हुँ भन्थे। उनको मार्क्सवादसँग एउटै कुरामा विमति थियो त्यो भनेको हिंसाको बाटो।

त्यस्तो समयमा अम्बेडकर आफैं मार्क्सवादी किन भएनन् होला भन्ने जिज्ञासा हर कोहीलाई लाग्न सक्छ। के अम्बेडकरले मार्क्सवाद नपढेर वा नबुझेर आफू मार्क्सवादी नभएका होलान् ? नेपाल र भारतका कम्युनिस्टहरूले वर्गीय मुक्ति र जातीय मुक्ति एउटै हो भनेर भनिरहँदा अम्बेडकरले वर्गीय मुक्तिबाट जातीय मुक्ति किन देखेनन् त्यो अहिले पनि गहिरो खोजको विषय देखिन्छ।कार्ल मार्क्सले भौतिकवादको ऐतिहासिक तथा दार्शनिक विश्लेषणमा विगत र भविष्यलाई पाँच चरणमा बाँडेका छन्। उनले भनेका छन्, आदिम साम्यवाद, त्यसपछि सामन्तवाद, पूँजीवाद, समाजवाद र अन्त्यमा वर्गविहीन साम्यवाद जहाँ राज्य, निजी सम्पत्ति तथा वर्ग पूर्ण रूपमा समाप्त भएको हुनेछ। अनि मान्छेले एउटा अत्यन्त विकसित तथा सुखी जीवनको उपभोग गर्न पाउनेछ, जहाँ हत्या-हिंसा, काटमार, षडयन्त्र जस्ता कुनै पनि राजनैतिक लडाईं हुने छैनन् र संसारका सबै देशका सिमानाहरू भत्किने छन् र हामी संसारका नागरिक हुनेछौं।मार्क्सले कल्पना गरेको साम्यवादमा अहिलेको अवस्था र व्यवस्थाबाट पुग्न सकिने त देखिँदैन तर अम्बेडकरले बुद्धले पनि आजभन्दा २६ सय वर्ष पहिले अर्थात् मार्क्सको उदय हुनुभन्दा २४ सय वर्ष पहिले नै



साम्यवादी व्यवस्थाको कल्पना मात्रै नभइकन उनले आफ्नो संघमा अभ्यास समेत गरेका थिए भनेर तर्क गरेका छन्।

उनको एउटै निचोड के भने साम्यवादको स्वैरकल्पनामा रमाउन चाहने कम्युनिस्टहरूले बुद्धको भिक्षु संघमा त्यसको अनुभूति गर्न पाउँछन्। मार्क्स र बुद्धमा फरक के छ भन्दा मार्क्सले साम्यवादमा पुग्न हिंसात्मक बाटो अवलम्बन गर्नुपर्छ र वर्ग शत्रुहरू जो पूँजीवादी विचारधाराको पृष्ठपोषक हुन्छन् उनीहरूलाई सखाप पार्दै अगाडि बढ्नुपर्छ भन्छन्।

तर बुद्धले अहिंसात्मक बाटोबाट सन्यासको बाटो लिंदै सबै व्यक्तिगत सम्पत्ति, लोभलालच, पद-प्रतिष्ठा सबै त्याग्दै वर्गविहीन र शान्तिमय जीवनको अभ्यास गर्न सकिन्छ। लाखौं मान्छेको ज्यान लिएर स्थापना हुने साम्यवाद भन्दा बुद्धले देखाएको अहिंसात्मक बाटोबाट प्राप्त संघवाद वा साम्यवाद कैयौं गुणा श्रेयस्कर हुन्छ भन्ने कुरा अम्बेडकरले प्रतिपादन गरेका छन्।

अहिले भारतमा करोडौं दलित तथा अन्य समुदायका व्यक्तिहरूले जुन रूपमा बौद्ध धर्म अंगीकार गरिरहेका छन्, वास्तवमा भन्ने हो भने अम्बेडकरले बौद्ध धर्म अँगालेपछि त्यहाँ लगभग अस्तित्वको संकटमा पुगेको बौद्ध धर्म पुनर्जीवित भइरहेको छ जसलाई नव बुद्ध पनि भनिन्छ।बौद्ध धर्म नअपनाएका दलित तथा अन्य समुदाय र बौद्धधर्मलाई आफ्नो जीवनदर्शन बनाएका दलित तथा अन्य समुदायको जीवन पद्धतिमा ठूलो फरक देखिन्छ। अर्थात् त्यहाँ भोकमरी, गरिबी, अभाव अत्यन्त न्यून हुनुका साथै एउटा सभ्य र समृद्ध जीवनशैलीहरू अपनाइरहेका छन्।

अम्बेडकर नेपालमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनका लागि आएतापनि उनको प्राथमिकता यहाँका दलितहरू थिए, त्यसैले त्यतिवेलाका दलित नेताहरू जो प्रायः कपाली र खड्गी समुदायका र केही विश्वकर्मा समुदायका थिए उनीहरूले अम्बेडकरलाई तामदानमा बोकेर डल्लुका फोहोर र अत्यन्त घृणित बस्तीहरू डुलाएका थिए।

त्यतिवेला अम्बेडकर शारीरिक रूपमा अस्वस्थ भई राम्ररी हिंड्न डुल्न पनि नसक्ने अवस्थामा थिए। त्यसैले उनलाई तामदानमा बोकेर डुलाउनुपरेको थियो। उनको अधिकार प्राप्तिको सर्वकालिक सिद्धान्त, शिक्षित बन, संघर्ष गर र संगठित होऊ भनेर रोचक तरिकाले तत्कालीन दलित नेताहरूलाई भनेको मोहनलाल कपालीले मलाई सुनाएका थिए।अम्बेडकरले डल्लुको दलित बस्ती भ्रमण गरेपछि भनेका थिए- तोडो, फोडो और मरो, तब जाकर अधिकार मिलेगा। अम्बेडकरको यही प्रोत्साहन र प्रेरणा पछि दलितहरू थप सशक्त र संगठित भएका थिए। जसबाट २०२० सालको मुलुकी ऐन लागू गर्न राजा महेन्द्र बाध्य भएका थिए। वास्तवमा अम्बेडकर विचारधारा के हो र नेपालको सन्दर्भमा त्यसको के महत्व छ भन्ने चर्चा गर्दा, अहिले भर्खरै मैले गुगल सर्च गर्दा संसारको एक नम्बरका विद्वान् अम्बेडकर भनेर उल्लेख गरेको पाएँ। उनले अमेरिकाको कोलम्बिया विश्वविद्यालय तथा बेलायतको लण्डन स्कुल अफ इकोनोमिक्सबाट पीएचडी र मास्टर्स उपाधिहरू प्राप्त गरेका थिए।

पछि उनलाई सम्मानस्वरुप विश्वका विभिन्न देश तथा विश्वविद्यालयहरूले प्रदान गरेका डिग्रीहरू ३२ वटा रहेछन् जसमा महाविद्यावारिधिहरू पनि रहेका छन्। यसरी संसारले मानेका विद्वान्ले भनेको कुरा हाम्रो सन्दर्भमा के हुनसक्छन् भन्दा, विचारधारा र सिद्धान्त दुई कुराबाट प्राप्त हुन्छन् भन्ने लाग्छ। पहिलो उनको सम्पूर्ण जीवन पद्धति र दर्शन त्यसपछि उनले प्रतिपादन गरेका सिद्धान्तहरू।

अम्बेडकरले आफ्नो सम्पूर्ण जीवन दलित तथा अन्य अधिकारविहीन समुदायको लागि समर्पित गरे र एउटा सामान्य जीवन बाँचे। उनले म आफू हिन्दु भएर जन्मिनुमा मेरो नियन्त्रण थिएन तर म हिन्दु नभएर मर्नुमा मेरो नियन्त्रण छ भन्दै करीब ५ लाख अनुयायीहरूलाई लिएर बुद्ध धर्ममा आफ्नो देहत्याग गरे।अर्को ढोंगी कम्युनिस्ट सिद्धान्तलाई उनले आफ्नो मार्गदर्शक सिद्धान्त बनाएनन्। उदार लोकतन्त्रमै दलित लगायतको हित र मुक्ति देखे। शासन व्यवस्था तथा निर्णय प्रक्रियामा दलितलाई स्थापित गर्ने बाटो बनाइदिए र त्यसलाई लागू गर्न बाध्य पारे।

अहिले नेपालको दलित आन्दोलनले कांग्रेस र कम्युनिस्टहरूबाट पाएको धोकाबाट विचलित भइरहेको छ। अनि अब के बाटो अख्तियार गर्ने भन्ने कुराको अलमलमा छ। यस्तो अवस्थामा अम्बेडकरवाद हाम्रो लागि अहिले पनि उत्तिकै सान्दर्भिक छ।२०७२ को संविधान हाम्रा लागि अत्यन्त प्रगतिशील छ, यसको कार्यान्वयनमा हाम्रो निरन्तर दबाब र प्रभाव हुनुपर्छ र शासनमा हाम्रो पहुँच र प्रतिनिधित्व हुनुपर्छ। जुन कुरा अम्बेडकरले स्थापित गरिदिएका छन्। आज १३३औं अम्बेडकर जयन्तीको उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना।

# सदनको अधिवेशन अन्त्य गर्ने सरकारको निर्णयप्रति कांग्रेसको असहमति



**काठमाण्डु ।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सङ्घीय संसद्को चालु अधिवेशन अन्त्य गर्न सरकारले गरेको निर्णयप्रति असहमति जनाएको छ। कांग्रेस संसदीय दलको आज बसेको बैठकले बजेट अधिवेशनको लागि पर्याप्त समय हुँदाहुँदै चालु अविधेशन अन्त्य गर्न सरकारले गरेको सिफारिसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

बैठकका निर्णयबारे जानकारी दिँदै कांग्रेस प्रमुख सचेतक रमेश लेखकले सरकारको यो निर्णय संसदीय मूल्य मान्यता विपरीत भएको बताउनुभयो । उहाँका अनुसार कांग्रेसले सरकारको निर्णयप्रति असहमति जनाएको हो।

"सदनमा विपक्षी दलहरुले सहकारीको रकम अपचलन र विषयमा कुरा उठाउँदै आएका छन्, सरकारमा सहभागी मन्त्री नै सहकारीको रकम अपचलनमा संलग्न रहेको हुँदा निष्पक्ष र स्वतन्त्र छानबिनको सुनिश्चितताका लागि संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग उठाउँदै आएका थिए", उहाँले भन्नुभयो, "सरकारले यस विषयलाई गम्भीरतापूर्वक नलिएर बेवास्ता गर्दै आएको छ। प्रतिपक्षी दलका कारणले सदन अवरुद्ध भएको भनी सत्तापक्षले आरोप लगाएको छ, त्यो आरोप मात्रै हो।"कांग्रेसले उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने सहकारीको रकम अपचलनमा संलग्नता रहेको विषय तथ्य र प्रमाणसहित कुरा उठाउँदै आएको बताउँदै प्रमुख सचेतक लेखकले यसमा सरकार गम्भीर नहुँदा सदन केही दिन अवरोध भएकाले यसको जिम्मेवारी सरकारले लिनुपर्ने बताउनुभयो।

कांग्रेस संसदीय दलको यो बैठकले सहकारीको रकम ठगी गर्नेको विषयमा स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिनका लागि थप दृढतापूर्वक उभिने प्रतिबद्धता गरेको प्रमुख सचेतक लेखकले जानकारी दिनुभयो । साथै बैठकले सरकारले सदनलाई पर्याप्त समय दिन नसकेकाले यस अधिवेशनमा संविधान र सङ्घीयता कार्यान्वयनका विषयमा आवश्यक कानुन बन्न नसकेको अरोप समेत लगाएको छ।रासस

> कांग्रेस संसदीय दलको यो बैठकले सहकारीको रकम ठगी गर्नेको विषयमा स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिनका लागि थप दृढतापूर्वक उभिने प्रतिबद्धता गरेको प्रमुख सचेतक लेखकले जानकारी दिनुभयो ।

# प्रतिनिधिसभाको चालु अधिवेशनमा के-के भए काम ?

**काठमाण्डु ।** प्रतिनिधिसभाको चालु अधिवेशन आइतबार राति १२ बजेदेखि अन्त्य हुने भएको छ। गत माघ २२ गते सोमबारदेखि प्रारम्भ भई आइतबार वैशाख २ गतेसम्म २३ दिनमा २३ पटक गरी कूल ८१ घण्टा ५५ मिनेट बैठक बसी संसदीय काम कारबाही भएको थियो।

यस अवधिमा गत फागुन ६ गते र चैत ६ गतेका बैठकहरूमा सञ्चालन भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रममा २६ जना सदस्यहरूले सोध्नुभएको प्रश्नको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जवाफ दिनुभएको थियो।

त्यस्तै सभाको पहिलो बैठकमा पेस भएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०' लाई गत फागुन ६ गतेको सभाको बैठकले स्वीकृत गरेको थियो । सभाको पहिलो बैठकमा मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्नेगरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम पेस भएको थियो।



चालु अधिवेशनमा गत फागुन ३० गतेको बैठकमा प्रधानमन्त्री दाहालले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो।

सभाको दोस्रो अधिवेशनबाट यस अधिवेशनमा प्राप्त दुईवटा सन्धि सम्झौतामध्ये ' विमस्टेक वडापत्र'लाई गत चैत २० गतेको सभाको बैठकले अनुमोदन गरेको थियो भने 'अन्तर्राष्ट्रिय सौर्य गठबन्धको स्थापनासँग सम्बन्धित सम्झौता'माथिको सामान्य छलफल समाप्त भइसकेको छ।त्यसैगरी गत फागनु १४ गतेको बैठकमा पेस भएको आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि यही चैत १, ५, ६ र ७ गतेको सभाको बैठकहरूमा छलफल गरिएको थियो।

सभाको यस अधिवेशनमा प्रतिनिधिसभामा पाँचवटा सरकारी विधेयक दर्ता भएका थिए । जसमध्ये ' निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८०', समितिमा विचाराधीन रहेको छ, 'सङ्घीय निजामती सेवा विधेयक, २०८०' माथिको सामान्य छलफल समाप्त भएको छ, 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०' र 'बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८०' सभामा प्रस्तुत भएका छन् भने ' आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८०' दर्तामात्रको स्थितिमा रहेको छ।

साथै सभामा उत्पत्ति भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक' माथि राष्ट्रियसभाबाट गरिएको संशोधनलाई यस सभाले स्वीकार गरी पारित गरेको छ ।

यस अधिवेशनमा राष्ट्रियसभामा उत्पत्ति भएको तीनवटा सरकारी र एउटा गैरसरकारी विधेयक प्रतिनिधिसभामा प्राप्त भएका थिए। जसमध्ये 'विद्युतीय व्यापार विधेयक, २०८०' माथिको सामान्य छलफल समाप्त भएको छ भने बाँकी तीनवटा विधेयक सभामा प्रस्तुत भइसकेको छ।त्यस्तै सभाको पहिलो र दोस्रो अधिवेशनमा राष्ट्रियसभाबाट प्राप्त आठवटा विधेयकमध्ये ' अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६' र 'खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७' सभाबाट पारित भएको छ । बाँकी छवटा विधेयक सम्बन्धित समितिमा विचाराधीन छन्। यसरी सभाबाट यो अधिवेशनमा कुल तीन विधेयक पारित भएका छन्।

प्रतिनिधिसभाको चालु अधिवेशनमा सदस्यबाट दर्ता हुनआएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ६५ वटा मौखिक र आठवटा लिखित प्रश्नमध्ये ३२ वटा मौखिक र दुईवटा लिखित प्रश्नको उत्तर प्राप्त भएकामा सभाको गत चैत २० गतेको बैठकमा छवटा मौखिक प्रश्नको सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो।

यस अधिवेशनमा प्रतिनिधिसभाअन्तर्गतको महिला तथा सामाजिक मामिला समितिको 'महिला तथा सामाजिक मामिला समितिको वार्षिक प्रतिवेदन, २०८०' पेस भयो। सभाको यस अधिवेशनमा प्रतिनिधिसभा सदस्य मञ्जु शर्मा अन्सारी र संविधानसभा सदस्य केशवकुमार बुढाथोकीको निधन भएकामा शोक प्रस्ताव पारित भएका थिए।

सभाको विभिन्न बैठकको आकस्मिक, शून्य र विशेष समयमा सभाका सदस्यले समसामयिक एवं जिल्लामा घटित विभिन्न घटनाका सम्बन्धमा सरकार एवं सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुभएको थियो । यसैगरी प्रधानमन्त्री पुष्पकमल दाहालले दुईपटक, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले दुईपटक र तत्कालीन खानेपानीमन्त्री महिन्द्रराय यादव एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले एकपटक आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा जवाफ दिनुभएको थियो।रासस

# राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ : डा चन्द्र भण्डारी

**नेपालगञ्ज ।** हाल अभ्यासमा रहेका राजनीतिक व्यवस्थामध्ये सबैभन्दा उत्कृष्ट व्यवस्था नै संसदीय शासन प्रणाली हो । यो व्यवस्थालाई समावेशी बनाउन देशको निर्वाचन प्रणालीमा समानुपातिक व्यवस्था थपिएको हो । समानुपातिक निर्वाचन पद्धतिले नेपाली समाजको प्रतिनिधित्वलाई उचाइमा लगेको छ। तर यसको सञ्चालन विधिका बारेमा नेताहरु इमान्दार र विवेकशील हुन जरुरी छ । निर्वाचनको यो मिश्रित व्यवस्था अल्पसंख्यकहरूको संरक्षणका लागि गरिएको हो।

अहिले के देखिएको छ भने हाम्रो निर्वाचन प्रणालीले सरकारको स्थायित्व भने दिँदैन । संविधान संशोधन गरेर निर्वाचन प्रणालीमा फेरबदल गर्नुपर्ने समय आइसक्यो । मेरो विचारमा समानुपातिक प्रतिनिधित्व माथिल्लो सदनअर्थात् राष्ट्रियसभामा मात्र हुनुपर्छ । प्रतिनिधिसभालाई एक सय हाराहारीको बनाउने र प्रदेशमा १५ जना निर्वाचित गर्ने व्यवस्था राख्नुपर्ने देखिन्छ। प्रदेशको ठूलो सङ्ख्या पनि आवश्यक छैन।

स्थानीय तह जे छ राम्रो छ, कमीकमजोरी भए सुधार गरेर लैजानुपर्छ। यस्तो गर्दा जनप्रतिनिधिहरुको सङ्ख्या घटेर १८ हजार हुन्छ।

यस्तो हुने बित्तिकै सरकारले स्थायित्व पाउँछ । यत्रो कर्मचारीतन्त्र यो डिजिटल युगमा जरुरी छैन । इन्जिनियर, चिकित्सकको विज्ञापन खोलेर गाउँगाउँ पठाइदिन सकिन्छ । यस्तो भयो भने मुलुकले एउटा कोर्स लिन्छ । समावेशी, समानुपातिक निर्वाचन प्रणाली मात्रै भनेर पनि हुँदैन, यो त सुधार गर्नैपर्छ।

समानुपातिक निर्वाचन प्रणालीबाट विज्ञ व्यक्तिलाई सदनमा ल्याउनुपर्ने थियो । उनीहरुलाई विभिन्न संसदीय समितिमा राखेर काम गर्न पाएको भए प्रभावकारी हुन्थ्यो। यसमा अरुले खेल्ने मौका पाउने थिएनन् । हामीले सुरुमा बिरुवा रोप्दा नै हाम्रो आवश्यकताका बारेमा ख्याल गरेनौं । असन्तुष्टिलाई मात्र ध्यान दिने हो भने अझ अराजकता हुन्छ।

जे छ राम्रो गराउने प्रयास गराउनुपर्‍यो। अब आउने पुस्ताले राम्रो गर्नुपर्छ। संसदीय समितिलाई प्रभावकारी बनाउन सबै पार्टीले समानुपातिक प्रणालीबाट विज्ञहरुलाई ल्याउनुपर्छ।

संसद्मा आफ्ना विचार प्रस्तुत गर्ने क्रममा जुन तर्कहरु आएका हुन्छन् ती निःसन्देह जनताप्रति केन्द्रित र जवाफदेही नै हुने गरेका पाइन्छन् । संसद्लाई अझ बढी चलायमान बनाउन संसद्भित्र विभिन्न समिति क्रियाशील छन् र ती पनि निकै शक्तिशाली छन्। यसलाई 'मिनी संसद्' पनि भनिन्छ। संसद् र संसदीय समितिले सरकारलाई सचेत गर्न र जनताप्रति जवाफदेही तुल्याउन भूमिका निर्वाह गरिरहेका हुन्छन्। शक्तिपृथकीकरणको मूल मान्यताका आधारमा संसद्ले काम गरिरहेको हुन्छ । तथापि, संसद्को सञ्चालन र प्रभावकारिता अभिवृद्धिका लागि राजनीतिक नेतृत्वका अघिल्तिर ठूलो जिम्मेवारी हुने गर्दछ । राजनीतिक नेतृत्व गम्भीर नभई आफ्नो मात्रै स्वार्थमा लाग्ने, आफ्ना सन्तानलाई गलत काममा लगाउने, आफ्नो परिवारलाई बढावा दिने, आफ्नो गुटलाई प्रश्रय दिने गरेमा मुलुकभित्र नैराश्यता बढ्नुका साथै देशभित्र अनेक समस्या सिर्जना हुने गर्दछ।



वास्तवमा दलका नेतृत्ववर्गले यस वस्तुतथ्यलाई आत्मसात् गर्न जरुरी छ। म कुन घरमा बसिरहेको छु र मेरो घरको लक्ष्य के हो भन्ने कुरा घरको नेतृत्व गर्नेलाई थाहा हुन जरुरी छ।

घरलाई सबल बनाउन अरुभन्दा भिन्न तरिकाले मिलाएर लैजाने हुनुपर्छ। अहिले न्यायपालिकामा हुने नियुक्तिमा भागबण्डा गर्नेजस्तो गलत अभ्यास थालिएको छ। अन्य निकायमा पनि आफ्नै मान्छेलाई लैजान खोज्यौं, संवैधानिक नियुक्तिमा पनि आफ्नै नियुक्ति खोज्यौं । यस अभ्यासले राम्रोसँग काम गर्न सकेन, 'डेलिभरी' दिन सकेन । सदनमा कुखुरा पाल्ने, गाई पाल्ने, हलो जोत्ने, कोदालो खन्ने, श्रमिक वा कुनै किसान होस् उनीहरुको पक्षमा जनप्रतिनिधिले के बोल्छन् भन्ने कुरा चासो दिने विषय प्राथमिकतामा पर्नुपर्छ। हामीले जनतालाई पनि पार्टीगत रुपमा विभाजित गरिरहेका छौँ।

मेरो निर्वाचन क्षेत्र गुल्मी क्षेत्र नं १ मा सबैभन्दा बढी प्राथमिकताको विषय शिक्षा र स्वास्थ्य नै हो। शिक्षालाई राम्रो बनाउन शिक्षकलाई अपग्रेड गर्नुपर्‍यो । विद्यार्थी, अभिभावकलाई स्कुल ल्याउन आकर्षण बढाउनुपर्छ । जनताको स्वास्थ्यलाई ख्याल गरेर विशेषज्ञ चिकित्सक, ल्याब हुनुपर्छ। विकास भनेका सडक, खानेपानी विद्युत् पनि हो तर यो निरन्तर हुने प्रक्रिया हो। अर्गानिक खेतीका लागि यहाँ अत्यन्त अनुकूल अवस्था छ।

त्यसका लागि किसानलाई अनुदान दिनुपर्छ। यहाँ बेलायती सेना, नेपाली सेना, प्रहरीमा काम गरेका विज्ञहरु थुप्रै हुनुहुन्छ। लामो अनुभव प्राप्त गरेका हुनुहुन्छ। यहाँका युवालाई जिल्लामै विभिन्न अवसर दिनसके विदेश जानै पर्दैन।


अर्को, कालीगण्डकी कोरिडोरले गर्दा सालझण्डी बजार नजिकै पर्न सक्छ । त्यहाँबाट बुटवल बजारसम्म आफ्ना उत्पादन लैजान सक्छौं । कालीगण्डकी जलविद्युत्ले गर्दा पोखरासम्म पनि हाम्रा उत्पादन जान सक्छन्। यसबाट किसानले प्रशस्त लाभ लिन सक्छन्। यस्तो अवस्थामा बीउ, मल, सिँचाइको अभाव किसानलाई हुनुहुँदैन । कफी, किवी, कोदोको उत्पादन बढाउन सकिन्छ । हामीले यी उत्पादनको ब्रान्डिङ गर्नु जरुरी छ । यसबाहेक कालीगण्डकीको रिडीमा शालिग्राम छ। त्यो शालिग्राममा जलधारा गराएर त्यहाँ एउटा टावरजस्तो बनाइयो भने धार्मिक पर्यटनका रुपमा विकास हुन सक्छ। धार्मिक पर्यटनसँग रुरु क्षेत्र, रेसुङ्गा क्षेत्र जोडिन्छ। यसबाहेक अन्यन्त मनमोहक दृश्यहरु छन् जसले पर्यटनको प्रचुर सम्भावनालाई पनि देखाउँछ । अर्गानिक आलुको उत्पादन भइरहेको छ। त्यस्तै सुन्तला उत्पादन हुन्छ। यसै वर्ष रु १३ करोड बराबरको सुन्तला गुल्मीबाट निकासी भयो । यसलाई अझै व्यवस्थित गर्ने हो भने रु ४० करोडसम्मको सुन्तला निकासी हुन सक्छ।

वैदेशिक रोजगारीको कुरा त पहिलेको विकृतिको हो। पहिलेका व्यक्तिको अदूरदर्शिता। राजनीति मात्रै गर्ने राष्ट्रनीतिका विषयमा कुनै छलफल नगर्ने प्रवृत्ति रह्यो । उहाँहरुको विकृत मानसिकताबाट हाम्रो पुस्ताले भारी बोक्नुपर्ने अवस्था देखिएको छ । यसलाई रोक्नका लागि वा न्यूनीकरण गर्न स्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य, सूचना प्रविधि, रोजगारीको ग्यारेन्टी हुनुपर्छ। विदेशमा रहेका नेपालीले कमाएको पैसा सरकारले ऋण लिएर देशमा लगानी गर्न सक्छ। उहाँहरुको लगानी नेपालमा नै भएपछि उहाँहरु फर्केर आउनुहुन्छ। त्यसैले हाम्रो देशलाई शिक्षा, स्वास्थ्य, आइटी र जलस्रोतको केन्द्रका रुपमा विकास गर्नुपर्छ। हामी भारत र चीनको बीचमा छौं, दुवै देशले धेरै प्रगति गरेका छन्।

हामीले ठूलो मात्रामा उद्योग स्थापना गर्न सक्दैनौं। अहिलेको सोच र चिन्तनबाट म त्यो सम्भव देख्दिनँ। नेपालभित्र नेपाली खोज्न सक्नुपर्छ।

विसं २०१८ जेठ २७ गते जन्मनुभएका गुल्मी क्षेत्र नं १ बाट निर्वाचित नेपाली कांग्रेसका सांसद डा चन्द्र भण्डारी लोकतन्त्र प्राप्तिका लागि भएका आन्दोलनका क्रममा गुल्मीको तम्घास, पाल्पाको तानसेन र काठमाडौँको केन्द्रीय र भद्रगोल जेलमा पाँच वर्ष बिताएका कठिन दिन बिर्सनुहुन्न। 'नेपाल निर्माणमा भूमण्डलीकरणको प्रभाव' शीर्षकमा विद्यावारिधि गर्नुभएका उहाँ अन्तरराष्ट्रिय सम्बन्धका जानकार मानिनुहुन्छ।रासस

# आवेश र उत्तेजनाले समस्या सुल्झदैन: अध्यक्ष ओली



**काठमाण्डु ।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आवेश र उत्तेजनामा नआइ संयमित ढङ्गले विधिअनुरुप समस्याको समाधान खोज्न आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकपछि सञ्चारकर्मीको जिज्ञासामा उहाँले कांग्रेसका कारण सदन सञ्चालन अवरुद्ध भएको र विधेयक अघि बढाउने कार्य प्रभावित भएको प्रतिक्रिया दिनुभयो ।अध्यक्ष ओलीले भन्नुभयो, "कांग्रेसले आक्रोस र पीडाले जेपायो त्यही बोलिरहेको छ। यसो गर्नु हुन्न। संसदीय शासन प्रणालीलाई प्रणालीकारुपमा रक्षा गर्नुपर्छ, यसको मूल्य र मान्यतालाई संरक्षण गर्दै अघि बढ्ने कुरा गर्नुपर्छ।"

सदन अघि बढाउने, चल्ने र चलाउने विषयमा आफ्नै खाले मर्यादा र सीमा रहेको बताउँदै एमाले संसदीय दलका नेता ओलीले पुराना अनुभवका आधारमा कमी कमजोरीलाई सच्याएर जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।अध्यक्ष ओलीले भन्नुभयो, "पहिलेको सरकारको विधेयक पारित गर्न ध्यान नै थिएन, अहिलेको सरकार भरखर आएको छ । कांग्रेस तर्कमा आउँदैन । उहाँहरु ढिपी र जिद्धीमा जानुहुन्छ। त्यो तरिका सच्याउनुपर्छ।"

सरकारले अवरुद्ध सदनलाई सञ्चालन गर्न समन्वयकारी भूमिका निर्वाह गरिरहेको सुनाउँदै उहाँले बजेट र विधेयक तयारी, प्रस्तुति र छलफलको कार्यभार भएकाले अवरुद्ध सदनमै मात्रै अल्झिएर बस्ने कुरा नभएको प्रतिक्रिया दिनुभयो।

पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "यतिखेर हिउँदे अधिवेशन बन्द हुनैपर्दथ्यो । पन्ध्र दिनको समयावधिपछि बजेट अधिवेशन सुरु हुनुपर्छ। जेठ १५ गते बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ। त्यो अघि नीति तथा कार्यक्रम पास गर्नुपर्छ।"

अधिवेशन अन्त्यलाई सामान्यरुपमा लिनुपर्ने र स्वभाविक प्रक्रिया भएको उहाँले बताउनुभयो। कांग्रेस प्रमुख सचेतक रमेश लेखकले आफनो पार्टीले राखेको मागलाई बेवास्ता गर्दै चालु सदन अन्त्य निर्णयप्रति असहमति रहेको प्रतिक्रिया दिनुभयो।

सहकारीको रकम अपचलनका विषयमा निष्पक्ष र स्वतन्त्र छानबिन गर्न संसदीय छानबिन समिति गठन होस् भनी नेपाली कांग्रेसले माग गरी आएको जनाउँदै उहाँले सुशासनप्रति सरकारले बेवास्ता गरेको आरोप लगाउनुभयो । उहाँले कांग्रेस संसदीय दलले सहकारीको रकम ठगीको विषयमा स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिन गर्न दृढतापूर्वक उभिने प्रतिबद्धता गरेको समेत जानकारी दिनुभयो।

नेकपा(माओवादी केन्द्र)का युवा नेता माधव सापकोटाले सोच अनुरुप प्रभावकारी ढङ्गबाट चालु विधेयक अधिवेशनलाई सञ्चालन गर्न नसकिएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "विधेयकभन्दा राजनीतिक विषयले नै बढी प्राथमिकता प्राप्त गर्‍यो। आउने अधिवेशनमा यसको बोझ बोक्नुपर्छ जस्तो देखिन्छ।" प्रतिपक्षले सरकारको आलोचना गर्ने धर्म भएकाले त्यो धर्म पूरा गरेको बताउँदै नेता सापकोटाले संवैधानिक हिसाबले पनि सात गतेभित्र अन्त्य गर्नुपर्ने अवस्था हुने बताउनुभयो।

नेपाली कांग्रेसका तर्फबाट निरन्तर अवरोध भएपछि केही दिन पर्खनु र नपर्खनुको औचित्य नभएपछि आजै अन्त्य गरिएको जनाउँदै नेता सापकोटाले सदनमा दैनिक जुहारी, अवरोधको रडाको देखाएर जनतालाई निराश बनाउनुभन्दा अन्त्य भएको ठिकै रहेको प्रतिक्रिया दिनुभयो । उहाँले संसद्मा प्रतिनिधित्व गर्ने दलहरुबीचमा राजनीतिक संवाद गरेर आगामी बजेट अधिवेशनलाई प्रभावकारी बनाउनेतर्फ लाग्नुपर्ने विचार प्रकट गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका नेता एवं सांसद प्रेम सुवालले सरकारमा विभिन्न राजनीतिक दलको सहभागिता भए पनि भ्रष्टाचार न्यूनीकरण र सुशासन अन्त्य गर्ने मामिलामा प्रत्येक सरकार असफल भाएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "सधैँ यस्तै रहने हो भने सरकारमा सामेल भएका पार्टी असफल भएको पुष्टि हुन्छ। संसद्मा सत्तापक्ष र प्रतिपक्षबीच फरक नै देखिएन। नाम फरक छ, काम उस्तैउस्तै छ।"रासस

# इरानले इजरायलमाथि गरेको आक्रमणप्रति अन्तर्राष्ट्रिय समुदायको प्रतिक्रिया

**एएफपी**

पेरिस ।इरानले शनिबार राति इजरायलमाथि गरेको आक्रमणको विश्वका विभिन्न देशले निन्दा गर्दै उक्त आक्रमणले मध्यपूर्वलाई थप अस्थिर बनाउने चिन्ता प्रकट गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले इस्लामिक गणतन्त्र इरानले इजरायलमाथि गरेको व्यापक आक्रमणको निन्दा गर्दै यसले गम्भीर तनाव निम्त्याएको बताउनुभएको छ । उहाँले भन्नुभयो, "म यस क्षेत्रव्यापी तनावको वास्तविक खतराबारे निकै चिन्तित छु । मध्यपूर्वमा विभिन्न मोर्चामा ठूलो सैन्य मुठभेड निम्त्याउन सक्ने कुनै पनि कार्यबाट जोगिन सबै पक्षलाई आह्वान गर्दछु ।

अमेरिकी राष्ट्पति जो बाइडेनले उच्च सुरक्षा अधिकारीहरूसँगको आपतकालीन बैठकपछि इजरायललाई 'आइरनक्लाड' समर्थन गर्ने प्रतिबद्धता जनाउनुभएको छ । उहाँले भन्नुभयो, "इरानले इजरायलविरुद्ध गरेको आक्रमणबारे जानकारी लिन मैले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई भेटेको छु । इरान र उसका सहयोगीहरूको खतराविरुद्ध इजरायलको सुरक्षाप्रतिको हाम्रो चट्टानी प्रतिवद्धता छ," ह्वाइट हाउसमा भएको बैठकको तस्वीर पोस्ट गर्दै बाइडनले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले एक वक्तव्य जारी गर्दै 'लापरबाहीपूर्ण' आक्रमणको निन्दा गर्दै यसले तनाव बढाउने र यस क्षेत्रलाई अस्थिर बनाउने खतरा रहेको बताउनुभएको छ । इरानले फेरि एकपटक आफ्नो घरआँगनमा अराजकता छर्न खोजेको देखाएको छ ।युरोपेली सङ्घका विदेश मामिला प्रमुख जोसेप बोरेलले एक्समा जारी गरेको सन्देशमा आक्रमणलाई 'अकल्पनीय जोखिम वृद्धि र क्षेत्रीय सुरक्षाका लागि गम्भीर खतरा' भन्दै निन्दा गर्नुभएको छ ।

चीनको विदेश मन्त्रालयले आक्रमणलाई 'गाजा द्वन्द्वको पछिल्लो बाछिटाको रूपमा चित्रण गर्दै संयमित हुन आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गाजामा युद्धविरामको माग गर्दै हालै पारित गरेको प्रस्तावको कार्यान्वयनको लागि चीनले आह्वान गरेको छ । "अन्तर ाष्ट्रिय समुदाय, विशेषगरी प्रभाव भएका देशहरूलाई यस क्षेत्रको शान्ति र स्थिरताका लागि रचनात्मक भूमिका निर्वाह गर्न चीन आह्वान गर्दछ," विदेशमन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ । भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै सबै पक्षलाई संयमता अपनाउन, हिंसाबाट जोगिन र कूटनीतिक वार्तामा फर्कन आग्रह गर्दै तत्काल तनाव कम गर्न आह्वान गरेको छ ।



भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "इजरायल र इरानबीच बढ्दो शत्रुताले यस क्षेत्रको शान्ति र सुरक्षालाई खतरामा पारेकोमा हामी गम्भीर रुपमा चिन्तित छौं । हामी तत्काल तनाव कम गर्न, संयमता अपनाउन, हिंसाबाट पछि हट्न र कूटनीतिको मार्गमा फर्कन इजरायल र इरानलाई आह्वान गर्दछौं । यसबाहेक, विदेश मन्त्रालयले इरान-इजरायल द्वन्द्वको स्थितिलाई नजिकबाट नियालिरहेको बताएको छ ।फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नले भन्नुभयो, "यो अभूतपूर्व कदम चाल्ने निर्णय गरेर इरान आफ्नो अस्थिरताको कार्यहरूमा नयाँ स्तरमा पुगेको छ र सैन्य वृद्धिको जोखिम उठाइरहेको छ ।"

बर्लिनका उच्च कूटनीतिज्ञले पनि आक्रमणले अस्थिरता निम्त्याउने चेतावनी दिँदै तेहरानलाई आक्रमण रोक्न आग्रह गरेका छन् । विदेशमन्त्री एनालेना बेर्बोकले भन्नुभएको छ, "हामी जारी आक्रमणको भर्त्सना गर्दछौं, यसले पूरै क्षेत्रलाई अराजकतामा धकेल्न सक्छ । "इरान र उसका सहयोगीहरूले यसलाई तत्काल रोक्नुपर्छ", उहाँले भन्नुभयो, "बर्लिन इजरायलको साथमा दृढतापूर्वक उभिएको छ ।"क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले ओटावामा पत्रकारसँग कुरा गर्दै क्यानडाले इरानले इजरायलमाथि गरेको हवाई आक्रमणको निन्दा गर्दै आफु र आफ्नो देश इजरायलको साथमा रहेको बताउनुभएको छ ।

"अक्टोबर ७ मा हमासको नृशंस आक्रमणलाई समर्थन गरेको इरानको पछिल्लो कदमले यस क्षेत्रलाई थप अस्थिर बनाउनेछ र स्थायी शान्तिलाई थप कठिन बनाउनेछ," उहाँले भन्नुभयो । कायरोको विदेश मन्त्रालयले शत्रुता बढ्दै गएकोमा गहिरो चिन्ता व्यक्त गर्दै अधिकतम संयम अपनाउन आग्रह गरेको छ । मन्त्रालयले जारी गरेको वक्तव्यमा भनिएको छ, "'द्वन्द्वको क्षेत्रीय विस्तारको जोखिम'बारे पनि चेतावनी दिइएको छ र इजिप्टले 'स्थितिलाई नियन्त्रण गर्न द्वन्द्वका सबै पक्षहरूसँग प्रत्यक्ष सम्पर्कमा रहने छ ।"

साउदी अरबको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गरी 'सैन्य गतिविधि वृद्धि' प्रति चिन्ता व्यक्त गरेको छ । साउदी अरबले सबै पक्षलाई पूर्ण संयम अपनाउन र यस क्षेत्र र त्यहाँका जनतालाई युद्धको खतराबाट जोगाउन' आह्वान गरेको छ । उसले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने दिशामा आफ्नो जिम्मेवारी वहन गर्न' आग्रह गरेको छ ।

अर्जेन्टिनाका राष्ट्रपति जाभियर मिलेइको कार्यालयले एक विज्ञप्ति जारी गर्दै आक्रमणको सामना गर्न इजरायली पक्षसँग आफ्नो 'ऐक्यबद्धता' व्यक्त गरेको छ।अर्जेन्टिनाको एक अदालतले सन् १९९० को दशकमा ब्यूनस आयर्सस्थित इजरायली दूतावास र यहुदी समुदायको केन्द्रमा भएको बम आक्रमणका लागि इरानलाई जिम्मेवार ठहर गरेको उल्लेख गरेको छ । अर्जेन्टिनी सरकारका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "अर्जेन्टिनाले 'इजरायलको सार्वभौमिकताको रक्षाका लागि विशेषगरी आतङ्कवादलाई' ।

> ❝ अमेरिकी राष्ट्रपति जो बाइडेनले उच्च सुरक्षा अधिकारीहरुसंगाको आपतकालीन बैठकपछि इजरायललाई "आइरनक्लाड" समर्थन गर्ने प्रतिबद्धता जनाउनुभएको छ । उहाँले भन्नुभयो, इरानले इजरायलविरुद्ध गरेको आक्रमणबारे जानकारी लिन मैले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई भेटेको छु ।

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफल बनाउन सदस्यसचिवको आग्रह




**काठमाण्डु**।राष्ट्रियखेलकुदपरिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङ्ले राखेपको आयोजनामा हुने १४औँ केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई सबै मिलेर सफल बनाउनुपर्ने बताउनुभएको छ। उक्त प्रतियोगिता यही वैशाख ४ गतेदेखि सञ्चालन हुँदैछ।

राष्ट्रपति रनिङ शिल्डमा समावेश राष्ट्रिय खेल सङ्घका प्रतिनिधि र मुख्य प्रशिक्षकको उपस्थितिमा आज यहाँ बसेको बैठकमा सदस्यसचिव घिसिङ्ले प्रतियोगिता सफल बनाउनु सबैको दायित्व रहेको बताउनुभयो ।उहाँले राष्ट्रपति रनिङ शिल्ड जुनियरको सबैभन्दा ठूलो प्रतियोगिता रहेको भन्दै यसलाई भव्य र सफल बनाउन सबैले सहयोग गर्नुपर्ने भनाइ व्यक्त गर्नुभयो ।

सदस्यसचिव घिसिङ्ले सातै प्रदेशमा छनोट प्रतियोगिता सम्पन्न भइ हुन लागेको केन्द्रस्तरीयको प्रतियोगिता जुनियरस्तरको सबैभन्दा ठूलो प्रतियोगिता हो भन्ने स्थापित गर्न जरुरी रहेको समेत उल्लेख गर्नुभयो ।उहाँले खेलाडीको अनुसन्धानका लागि राखेपअन्तर्गत नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) को टिमलाई परिचालन गरिने समेत बताउनुभयो। प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी छ खेल समावेश गरिएको छ ।रासस

# महिला फुटबलको उपाधि कोशीलाई

**भरतपुर** । चितवनको भरतपुरमा जारी अन्तर प्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत महिला फुटबल प्रतियोगिताको उपाधि कोशी प्रदेशले जितेको छ । भरतपुर-१९ स्थित बखान मिनी रङ्गशालामा शनिबार भएको फाइनल खेलमा सुदूरपश्चिमलाई २-० गोलअन्तरले पराजित गर्दै कोशीले उपाधि जितेको हो ।

प्रतियोगिताको १२औँ मिनेटमा कोशी प्रदेशका लागि जेनिफर रानामगरले गोल गर्दै टिमलाई अग्रता दिलाइन् । कोशीको जित पक्का गर्न खेलको ३८औँ मिनेटमा समीक्षा रानामगरले दोस्रो गोल गर्न सफल भइन् ।उत्कृष्ट प्रर्दशन गरेकी कोशीकी सिम्रन राई 'प्लेयर अफ दी म्याच' हुन सफल भइन् । प्रतियोगितामा उत्कृष्ट डिफेन्डर कोशी प्रदेशका कुश्मा राई, उत्कृष्ट गोलरक्षक कोशीका सुशीला केसी, उत्कृष्ट प्रशिक्षक कोशीका सुरेन्द्र तमाङ र उत्कृष्ट मिडफिल्डर भने सुदूरपश्चिम प्रदेशका बिर्सना चौधरी भइन् । प्रतियोगिताको उपाधि जित्न सफल कोशी र उपविजेता सुदूरपश्चिम प्रदेशलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आयोजनामा अन्तर प्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत विभिन्न विधाका खेल भइरहेका छन् ।रासस



## जापानमा जनावरमाथिको दुर्व्यवहारका घटनामा वृद्धि

**सिन्ह्वा**

टोकियो । जापानमा जनावरमाथिको दुर्व्यवहारको संखया गत वर्षको तुलनामा वृद्धि भएको छ । प्रहरीका अनुसार गत बर्ष जनावरमाथि भएका दुर्व्यवहारबारे दर्ता भएका मुद्दा अघिल्लो बर्षको १५ बाट बढेर १८१ पुगेको छ ।

'पशु कल्याण र व्यवस्थापन ऐन' उल्लङ्घन गरेको आरोपमा सन् २०२३ मा त्यहाँ १८१ मुद्दा दर्ता भएका थिए । उक्त ऐनले जनावरलाई क्रूर र अनुपयुक्त



व्यवहार गर्नबाट प्रतिबन्ध लगाएको छ ।सन् २०१० देखि सङ्कलन गर्न थालिएको तथ्याङ्क अनुसार यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा उच्च हो ।दुर्व्यवहारका घटनाहरूमध्ये ९७ वटा बिरालो र ६५ वटा कुकुरहरू रहेका थिए भने कुखुरा, लोखर्के, खरायो, गाई, घोडा, कछुवालगायत रहेका उल्लेख गरिएको छ ।

बिरालो र कुकुरका १६२ घटनामा जनावरलाई वेवारिसे छाडेको ६४ वटा घटना, मृत्यु वा चोटपटकको कारण ४१ र जनावरलाई राम्ररी खुवाउन नसकेका वा स्वच्छ वातावरणमा नराखेको ५७ घटना रहेका छन् ।कोभिड महामारीको समयमा घरपालुवा जनावरहरू राख्ने मानिसहरू जनसंखया बढेको तर पछि सामान्य जनजीवनका कारण उनीहरू व्यस्त हुन थालेपछि पशु दुर्व्यवहारका घटनामा वृद्धि भएको प्रहरीले जनाएको छ ।

# जर्मनीका चान्सलर स्कोल्ज चीन भ्रमणमा

**एएफपी**

बेइजिङ । जर्मनीको सबैभन्दा ठूलो व्यापारिक साझेदारसँग आर्थिक सम्बन्ध विस्तार गर्ने उद्देश्यका साथ जर्मनीका चान्सलर ओलाफ स्कोल्ज आइतबार चीन भ्रमणमा आउनुभएको छ। चिनियाँ सरकारी प्रसारक सीसीटीभीका अनुसार स्कोल्ज आइतबार बिहान मन्त्री तथा व्यापारिक फर्म, कम्पनी र सङ्घसंस्थाका कार्यकारी प्रमुख सम्मिलित ठूलो प्रतिनिधिमण्डलसहित चोङकिङ महानगरमा पुग्नुभएको हो ।



पश्चिमा राष्ट्रहरूले बेइजिङमाथि दबाब बढाइरहेका बेला निर्यातका दृष्टिकोणबाट युरोपको विशाल अर्थतन्त्रले विश्वको दोस्रो ठूलो अर्थतन्त्रबाट छुट्टिनुपर्ने आह्वानलाई अस्वीकार गर्ने र बेइजिङसँग व्यापार गर्न प्रतिबद्ध रहेको उल्लेख गर्ने अपेक्षा गरिएको छ । तर, चीनप्रतिको उहाँको मित्रतापूर्ण पहलले उद्योगहरूका लागि बेइजिङको भारी अनुदानको विरोध गर्दै आएका वासिङ्टन र युरोपेली सङ्घ (ईयू)का साझेदारहरूबीच आक्रोश पैदा गर्ने जोखिम रहेको छ ।

"चीन जर्मनीका लागि वास्तवमै महत्वपूर्ण आर्थिक साझेदार रहेको छ", स्कोल्जले शुक्रबार पत्रकारहरूलाई भन्नुभयो, "उहाँले चीनमा जर्मन कम्पनीहरूको लागि चीनमा समान व्यवसायिक अवसरको खोजीको प्रयास गर्नुहुनेछ ।" भूराजनीतिक मोर्चामा, स्कोल्जले आफ्नो भ्रमणलाई चिनियाँ राष्ट्रपति सी चिनफिङलाई उहाँका रूसी समकक्षी भ्लादिमिर पुटिनलाई लगाम लगाउन र युक्रेनमा रूस युद्धको अन्त्य गर्न मद्दत गर्न आफ्नो प्रभाव प्रयोग गर्न पनि दवाव दिने अनुमान गरिएको छ ।

"चीन र रूसबीचको घनिष्ठ सम्बन्धलाई ध्यानमा राख्दै बेइजिङले रूसमाथि आफ्नो प्रभाव पार्न सक्ने सम्भावना छ," बर्लिनस्थित जर्मन सरकारी स्रोतले बताएको छ । चोङकिङ, साङ्घाई र बेइजिङको तीन दिने भ्रमणमा आउनुभएका जर्मन चान्सलर स्कोल्जको चान्सलरका रूपमा यो दोस्रो चीन भ्रमण हो ।

# इरानद्वारा इजरायलमाथि आक्रमण

**एएफपी**

जेरुसेल । इरानले ड्रोन र क्षेप्यास्त्र प्रयोग गर्दै इजरायलमा आक्रमण गरेको छ । इजरायली सेनाका अनुसार तेहरानले इजरायलतर्फ तीन सयभन्दा धैरै क्षेप्यास्त्र र ड्रोन प्रहार गरेका थियो भने तीमध्ये अधिकांशलाई विफल पारिएको थियो ।

केही आक्रमण इराक र यमनबाट समेत भएको इजरायली सेनाका प्रवक्ता रियर एडमिरल डेनियल हागारीले जानकारी गराउनुभएको छ । सेनाले आक्रमणमा प्रयोग गरिएका ड्रोन र क्षेप्यास्त्रमध्ये ९९ प्रतिशतलाई इजरायली प्रतिरक्षा प्रणालीले रोकेको जनाएको छ ।



प्रवक्ता हागारीले एक टेलिभिजन कार्यक्रममा भन्नुभयो, "इरानी आक्रमण विफल पारिएको छ।"हगारीका अनुसार इजरायलतर्फ प्रहार गरिएका कुनै पनि ड्रोन र क्रुज क्षेप्यास्त्र आफ्नो क्षेत्रमा प्रवेश गरेका छैनन् र केही ब्यालेस्टिक क्षेप्यास्त्र मात्र इजरायलसम्म पुगेका छन् ।ब्यालेस्टिक क्षेप्यास्त्रमध्ये एउटाले सेनाको 'नेभाटिम शिविर' मा हल्का प्रभाव पारेको उल्लेख गर्दै उहाँले सैन्य परिसरमा 'अझै पनि काम भइरहेको' उल्लेख गर्नुभयो ।

रक्षामन्त्री योआभ ग्यालान्टले भन्नुभयो, "संयुक्त राज्य अमेरिका र थप साझेदारहरूसँग मिलेर हामीले इजरायली भूमिको रक्षा गर्न सफल भएका छौँ । आक्रमणको जोखिम अझै सकिएको छैन, हामी सतर्क रहनुपर्छ ।" इजरायली बासिन्दालेले जेरुसेलम र अन्य स्थानहरूका आकाशमा विस्फोटनको आवाज सुनेको बताएका छन् ।

यसैबीच, आक्रमणपछि इजरायली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले अमेरिकी राष्ट्रपतिसँग समेत टेलिफोन संवाद गर्नुभएको छ भने इजरायलले दिने जबाफबारे छलफल गर्न 'वार क्याबिनेट'को बैठक बोलाउनुभएको छ । उहाँले अमेरिकी राष्ट्रपतिसँग समेत टेलिफोन संवाद गर्नुभएको छ ।

यसैबीच, इरानको रिभोल्युशनरी गार्डसले एक विज्ञप्तिमार्फत ती आक्रमण 'इजरायली अपराध' को जबाफ भएको बताएको छ। गार्डसले अप्रिलको सुरुमा सिरियास्थिति इरानी कूटनीतिक परिसर ध्वस्त पार्ने गरी भएको आक्रमणसमेतलाई इजरायली अपराध भनेको छ । गार्डसले आफ्ना हमलाहरू 'निश्चित निशानाहरूमा' लक्षित गरिएको जनाएको छ ।

# इरानी आक्रमणको 'संयुक्त कूटनीतिक प्रतिक्रिया' दिइनुपर्ने : बाइडेन

**सिन्ह्वा**

वासिङ्टन ।अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलविरुद्ध इरानले गरेको आक्रमणको 'संयुक्त कूटनीतिक प्रतिक्रिया' का लागि आइतबार जी-७ राष्ट्रका नेताहरूसँग छलफल गरिने बताउनुभएको छ ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूसँगको भेटपछि बाइडेनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "इरानको निर्लज्ज आक्रमणको 'संयुक्त कूटनीतिक प्रतिक्रिया'का लागि समन्वय गर्न म आफ्ना सहकर्मी जी-७ नेताहरूलाई सोमबार छलफलमा सहभागी हुन आग्रह गर्दछु ।"नेतन्याहूसँग फोनमा बाइडेनले इजरायलको सुरक्षाका लागि अमेरिकाको प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो ।

उहाँले भन्नुभयो, "आक्रमणको सामना गर्न र परास्त गर्न उल्लेखनीय क्षमता प्रदर्शन गरेको छ र यसले आफ्ना शत्रुहरूलाई स्पष्ट सन्देश दिएको छ । उनीहरूले इजरायलको सुरक्षालाई प्रभावकारी रूपमा खतरामा पार्न सक्दैनन् भन्नेकुरा मैले प्रधानमन्त्री नेतन्याहूसँगको टेलिफोन वार्तामा पनि भनेको छु ।" बाइडेनले यमन, सिरिया र इराकबाट सञ्चालित इरानका सहयोगीहरूले हवाई मार्गबाट आक्रमण गरेको भन्दै ती आक्रमणको कडा शब्दमा निन्दा गर्नुभएको छ ।

उक्त क्षेत्रमा रहेका अमेरिकी सेनाले इजरायललाई भित्रिने सबै ड्रोन र क्षेप्यास्त्र खसाल्न सहयोग गरेको राष्ट्रपति बाइडेनले बताउनुभयो ।

बाइडेनका अनुसार शनिबारको आक्रमण अमेरिकी सेना र सुविधाहरूलाई लक्षित गरिएको थिएन । उहाँले भन्नुभयो, "अमेरिकी सेना 'सबै खतराहरूको लागि सतर्क रहनेछ र आफ्ना जनताको सुरक्षाको लागि सबै आवश्यक कदम चाल्न हिचकिचाउने छैन ।"गत अप्रिल १ मा दमास्कसस्थित इरानी वाणिज्य दूतावासमा इजरायली क्षेप्यास्त्र आक्रमणको बदलामा इरानले इजरायलमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको हो ।

# फिरौती तिरी पानीजहाज फिर्ता

**एएफपी**

चटगाउ । सोमालियाली समुद्री डाकुहरूले बङ्गलादेशको ध्वजाबाहक मालवाहक पानीजहाज र त्यसका चालक दलका २३ सदस्यलाई आइतबार बिहानै उद्धार गरेको कम्पनीले जनाएको छ ।

एमभी अब्दुल्लाह नामक सामान बोक्ने उक्त पानीजहाजलाई सोमालियाको मापुतोबाट संयुक्त अरब इमिरेट्स (युएई) तर्फ ५५ हजार टनभन्दा बढी कोइला बोकी जाँदै गर्दा दर्जनौं समुद्री डाकूहरूको एक समूहले मार्चमा सोमाली तटबाट करिब एक हजार किलोमिटर टाढाको क्षेत्रबाट कब्जा गरेको थियो । यमनको इरान समर्थित हुथी विद्रोहीले पानीजहाजमा गरेको आक्रमणबाट जोगिन अदनको खाडीबाट अन्तर्राष्ट्रिय नौसैनिक बल रेड सीमा परिचालन गरिएसँगै सोमालियाली समुद्री डाकूको गतिविधिमा वृद्धि भइरहेका बेला जहाज नियन्त्रणमा लिइएको थियो ।

एमभी अब्दुल्लाहका मालिक केएसआरएम समूहले कार्गो जहाजका अपहरणकारीहरूसँग वार्ता गरी फिरौती तिरेपछि जहाज बङ्गलादेशको समयअनुसार आइतबार बिहान दुबईका लागि छुटेको थियो ।

# बजेट खर्च गर्न नसकेका आयोजनाबाट रकमान्तरले खर्च बढ्ने अपेक्षा




**काठमाण्डु** । अर्थ मन्त्रालयले खर्च हुन नसकेको आयोजनाबाट रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने र विविध शीर्षकबाट खर्च बढाउने नीति लिएको छ। अर्थमन्त्री वर्षमान पुनको सचिवालयका अनुसार पछिल्लो एक महिनामा मात्र सरकारी निकायबाट रु एक अर्ब ६३ करोड रकमान्तर गरी खर्च भएको छ। यस्तै रु दुई अर्ब ६३ करोड बराबरको कार्यक्रम संशोधन गरिएको छ भने विविध शीर्षकमा राखिएको तर हालसम्म खर्च नभएको बजेटबाट रु ३६ अर्ब ५० करोड खर्च गरिएको छ।

बजेटको एउटा शीर्षकबाट अर्को शीर्षकमा पैसा पठाएर खर्च गर्ने काम रकमान्तर हो । एउटै शीर्षकभित्र बजेट परेका एउटा निकायबाट अर्को निकाय वा एउटा कार्यक्रमबाट अर्को कार्यक्रममा पैसा पठाएर खर्च गर्ने कामलाई कार्यक्रम संशोधन भनिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनमा रकमान्तर, स्रोतान्तर र थप निकासाबाट खर्च गर्न पाउने व्यवस्था राखिएको छ। ऐनको उक्त व्यवस्थाभित्रै रहेर खर्च बढाउने प्रयास मन्त्रालयले गरेको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ।

पछिल्लो एक महिना अवधिमा कुल रकमान्तर भएको रु एक अर्ब ६३ करोडमध्ये सबैभन्दा बढी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट भएको छ । स्वास्थ्य मन्त्रालयमातहतका सरकारी निकायले रु ६४ करोड ४१ लाख बराबर रकमान्तर गरेका छन् । त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रु ४८ करोड ८६ लाखको रकमान्तर गरेको छ।विभिन्न २८ स्थानीय तहका लागि पालिकाअन्तर्गत निर्माणाधीन आधारभूत अस्पतालको कार्यप्रगति तथा 'मोबिलाइजेसन' भुक्तानीको रकमान्तर गरिएको छ। उक्त शीर्षकमा रु ४९ करोड २४ लाख ३१ हजार खर्च भएको जनाइएको छ।

छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पारिश्रमिक र भत्ता भुक्तानी गर्न स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका लागि रु ३२ लाख रकमान्तर भएको छ। यस्तै मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यानसर रोगी र मेरूदण्ड पक्षघातका विरामीका लागि औषधि उपचार खर्चबापत मासिक रु पाँच हजारका दरले उपलब्ध गराइने रकम भुक्तानी गर्न रु १४ करोड ८५ लाख निकासा भएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) अन्तर्गत विकास निर्माण निर्देशनालयका लागि रु ७० लाख रकमान्तर गरी खर्च भएको छ। सडक निर्माणको दायित्व प्राथमिकताको आधारमा भुक्तानी गर्न सडक डिभिजन, घोराही (दाङ) लाई रु ९ करोड ४ लाख रकम निकासा दिइएको छ।


उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी) का लागि करार सेवा शुल्क स्वीकृत दरबन्दीको करार कर्मचारीमा नपुग रकम रहेको रु दुई लाख ९६ हजार बराबर रकम पठाइएको छ ।रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षणअन्तर्गतका कार्यालयहरूमा रु २५ करोड ९ लाख रकमान्तर भएको छ । तमोर कोरिडोर चतरा-मुलघाट-सुभाङखोला सडक योजना मुलघाट (सुनसरी) का लागि रु १४ करोड निकासा गरिएको छ।

मन्त्रालयले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई ऋण लगानी गर्नका लागि औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ऋण लगानी गर्न रु दुई करोड २४ लाख दिइएको छ।रक्षा मन्त्रालयमातहत जङ्गी अड्डा, सैनिक हवाई महा-निर्देशनालय, वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) र राष्ट्रिय सेवा दलअन्तर्गतका कार्यक्रममा थपघट र रकमान्तर गरिएका छन् ।

स्थानीय तहहरूबाट खर्च हुने गरी स्वास्थ्य मन्त्रालयअन्तर्गतको एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गतको रु ५५ करोड ७२ लाखको कार्यक्रम संशोधन गरी रकम पठाइएको छ । कृषि विकास मन्त्रालयअन्तर्गतको पेशु सेवा विभागको आग्रहमा रु ४८ करोड बराबरको कार्यक्रम संशोधन भएको अर्थ मन्त्रालयले जनाएको छ।

सहरी विकास मन्त्रालयअन्तर्गतका रु ४५ करोड ४५ लाख तथा प्रदेशअन्तर्गतका रु एक करोड ८१ लाखका कार्यक्रम संशोधन भएका छन् । नेपाल विद्युत् प्राधिकरणमा सरकारको ऋण लगानी रहने गरी रु एक अर्ब ६३ करोड १७ लाख निकासा गरिएको जनाइएको छ ।रासस

# दोस्रो चरणको आर्थिक सुधार प्रयासले सूचकमा सकारात्मक सङ्केत



**विसं.२०८० को चैत मसान्तमा नेपाली बजारमा सुनको मूल्य इतिहासकै सबैभन्दा धेरै पुगेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार चैत ३० गते नेपाली बजारमा छापावाल सुनको मूल्य प्रतितोला एक लाख ३९ हजार पुगेको छ ।**

**काठमाण्डु** । कोभिड-१९ महामारीयता तङ्ग्रन नसकेको मुलुकको अर्थतन्त्रमा २०८० सालमा केही सुधारको सङ्केत देखिएपनि शिथिलता अझै कायमै छ । मुलुकको अर्थतन्त्रले वृद्धिको लय समातेर पूर्ण तन्दुरुस्ती पाउन सकेको छैन। आर्थिक सूचकहरुमा सामान्य बाहेक उल्लेख्य प्रगति देखिएन।

**बाह्य सूचकरू सहज** अवस्थामा पुगेपनि सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र भने चुनौतीपूर्ण देखियो। आन्तरिक बजार मागको सङ्कुचनले अर्थतन्त्र अपेक्षित रुपमा चलायमान हुन सकेन । बैंक-वित्तीय संस्थामा पर्याप्त तरलता हुँदा र ब्याजदर घट्दासमेत कर्जा लगानी सुस्त देखियो । चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र वार्षिक बजेटले अर्थतन्त्र सुधारका लागि केही नीतिगत, प्रणालीगत र प्रक्रियागत प्रयास थालेको भएपनि त्यसको नतिजा भने औसतभन्दा कमजोर नै देखियो। वार्षिक छ प्रतिशतको आर्थिक वृद्धिदर करिब आधा मै खुम्चियो भने अन्य सूचकहरु पनि तात्विक सुधार देखिएन।

### आर्थिक वृद्धिदर

चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राखेको थियो। तर आवको तेस्रो त्रैमासिक समीक्षाअवधिसम्ममा उक्त वृद्धिदर हासिल गर्न सक्ने पर्याप्त आधारहरु देखिएका छैनन्। विश्व बैंकले केही दिनअघि मात्र सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा सन् २०२४ मा तीन दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको छ । त्यस्तै, एसियाली विकास बैंक (एडिबी) ले नेपालको आर्थिक वृद्धिदर सन् २०२४ मा तीन दशमलव छ प्रतिशत रहने अनुमान सार्वजनिक गरेको छ । सरकारले वार्षिक बजेटमा राखेको वृद्धिदरको अनुमानभन्दा विश्व बैंक र एडिबीले गरेको वृद्धिदरको अनुमान करिब आधा छ।

### राजस्व संलन र बजेट खर्च

गतवर्षको तुलनामा यसवर्ष सरकारी बजेट खर्च केही घटेको छ भने राजस्व सङ्कलन बढेको छ। चालु आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो । महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवको तेस्रो त्रैमासिक अर्थात् चैत मसान्तसम्मको कुल बजेट खर्च वार्षिक विनियोजनको ५१ दशमलव ९३ प्रतिशत अर्थात् रु नौ खर्ब नौ अर्ब ३९ करोड १४ लाख बराबर रहेको छ। गत आर्थिक वर्ष २०७९/८१ का लागि कुल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याइएको तेस्रो त्रैमासिक अवधिसम्ममा वार्षिक विनियोजनको ५२ दशमलव ५७ प्रतिशत अर्थात् रु नौ खर्ब ४३ अर्ब पाँच करोड १६ लाख बराबर खर्च भएको देखिन्छ।

**गतवर्षको तुलनामा बजेट** खर्च केही कम देखिँदा राजस्व सङ्कलनको अवस्था भने केही बढेको देखिन्छ। चालु आर्थिक वर्षका लागि कुल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व सङ्कलन गर्ने सरकारी लक्ष्य छ। चैत मसान्तसम्ममा वार्षिक लक्ष्यको ५२ दशमलव पाँच प्रतिशत अर्थात् रु सात खर्ब ७३ अर्ब तीन करोड ६६ लाख असुली भएको छ। गत आर्थिक वर्षका लागि कुल रु १४ खर्ब ५८ अर्ब ६० करोड राजस्व उठाउने लक्ष्य रहेकोमा चैत मसान्तसम्ममा ४९ दशमलव ६७ प्रतिशत अर्थात् रु सात खर्ब २४ अर्ब ४७ करोड बराबर राजस्व उठेको देखिन्छ।

### सार्वजनिक ऋण

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयकाअनुसार गत आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्ममा कुल सार्वजनिक ऋण रु २१ खर्ब छ अर्ब छ करोड बराबर थियो । जसमध्ये आन्तरिक ऋण रु १० खर्ब ३६ अर्ब ९३ करोड ५१ लाख र बाह्य ऋण रु १० खर्ब ६९ अर्ब १२ करोड बराबर थियो। पछिल्ला ११ महिनामा मात्र रु दुई खर्ब ८२ अर्ब २० करोड बराबर सार्वजनिक ऋण थपिएको छ । ऋण व्यवस्थापन कार्यालयका अनुसार गत फागुन समान्तसम्ममा सार्वजनिक ऋण रु २३ खर्ब ८८ अर्ब २६ करोड बराबर छ। जसमध्ये आन्तरिक ऋण रु ११ खर्ब ८५ अर्ब ५२ करोड ६६ लाख र बाह्य ऋण रु १२ खर्ब दुई अर्ब ७३ करोड ७७ लाख बराबर छ।

### मुद्रास्फीति

आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति छ दशमलव पाँच प्रतिशतको बाञ्छित सीमाभित्र रहने गरी मौद्रिक व्यवस्थापन गरिने नीति नेपाल राष्ट्र बैंकले लिएको थियो। राष्ट्र बैंकका अनुसार मुद्रास्फीति अहिले बाञ्छित सीमाभित्रै छ भने गतवर्षको तुलनामा केही घटेको छ । चालु आर्थिक वर्षको फागुन समान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत छ । जबकि, गतवर्ष चैत मसान्तमा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत थियो।

### शोधनान्तर स्थिति

२०७९ साल चैत मसान्तसम्ममा शोधनान्तर स्थिति रु एक खर्ब ८० अर्ब १७ करोडले बचतमा थियो । चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्ममा शोधनान्तर स्थिति रु तीन खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ । यसवर्ष उल्लेख्य शोधनान्तर बचत तर कर्जा प्रवाह शिथिल रहेकाले मौद्रिक तरलता बढेको छ। बैंकिङ प्रणालीमा तरलता स्थिति सहज भएको छ भने अल्पकालीन एवम् दीर्घकालीन ब्याजदरहरु निरन्तर घटिरहेका छन्।

### ब्याजदर

गत वैशाखको तुलनामा फागुन महिनासम्म पुग्दा बैंक तथा वित्तीय संस्थाको ब्याजदर घटेको छ। २०८० वैशाखमा ट्रेजरी बीलको भारित औसत ब्याजदर नौ दशमलव ६६ प्रतिशत रहेकोमा गत फागुन सम्म घटेर तीन दशमलव ०२ प्रतिशत कायम भएको छ। त्यस्तै, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंककारोबारको भारित औसत ब्याजदर गत वैशाखमा सात दशमलव ०१ प्रतिशत रहेकोमा गत फागुनसम्म आइपुग्दा दुई दशमलव ९२ प्रतिशतमा झरेको छ।

वाणिज्य बैंकहरुको औसत आधारदर २०८० वैशाखमा १० दशमलव २७ प्रतिशत रहेकोमा फागुन मसान्तसम्ममा छ दशमलव ७४ प्रतिशत कायम भएको छ। त्यसैगरी, गत वैशाखमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर आठ दशमलव ०८ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२ दशमलव ६५ प्रतिशत रहेकोमा गत फागुनसम्म आइपुग्दा निक्षेपको भारित औसत ब्याजदर छ दशमलव ७४ र कर्जाको भारित औसत ब्याजदर १० दशमलव ७८ प्रतिशत रहेको छ।

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंकले गत फागुनदेखि स्थायी निक्षेप सुविधालाईकार्यान्वयनमा ल्याएको थियो।

### विदेशी मुद्रा सञ्चिति

यसवर्ष नेपालको विदेशी विनिमय सञ्चिति इतिहासकै उच्च र भुक्तानी सन्तुलन सहज अवस्थामा रहन गयो । गतवर्ष अर्थात् विसं २०७९ चैत मसान्तमा रु १४ खर्ब ३३ अर्ब ७३ करोड रहेको विदेशी मुद्रा सञ्चिति २०८० फागुन मसान्त सम्ममा रु १८ खर्ब ७२ अर्ब ८२ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ ।चालु आर्थिक वर्षमा कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा अहिले १२ महिनाको वस्तु तथा सेवा धान्ने विदेशी मुद्रा सञ्चिति रहेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ।

चालु आवको सुरुआती आठ महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव आठ महिनाको वस्तु आयात र १२ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। गत फागुनमसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरुक्रमशः ३४ दशमलव आठ, १०३ दशमलव एक र २८ दशमलव दुई प्रतिशत रहेका छन् । गतअसार मसान्तमा यी अनुपातहरुक्रमशः २८ दशमलव छ प्रतिशत, ८३ प्रतिशत र २५ प्रतिशत रहेका थिए।

### पुजीबजार

विसं २०७९ चैत मसान्तमा एक हजार नौ सय ३४ दशमलव ४८ रहेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) सूचकाङ्क यो वर्षको अन्तिम कारोबार भएको दिन बुधबार दुई हजार २५ दशमलव ३० को बिन्दुमा कायम भएको छ।

विसं २०८० चैतमसान्तसम्म धितोपत्र बजारपुँजीकरण रु ३२ खर्ब १२ अर्ब ८० लाख ९१ हजार बराबर कायम भएको छ। गतवर्षको सोही अवधि अर्थात् २०७९ चैत मसान्तमा धितोपत्र बजारपुँजीकरण रु २८ खर्ब १३ अर्ब ५५ करोड कायम भएको नेप्सेको तथ्याङ्कबाट देखिन्छ। विसं २०८० फागुन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या दुई सय ७१ पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये एक सय ३४ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ जलविद्युत् कम्पनी, २१ उत्पादन तथा प्रशोधन उद्योग, सात होटल, सात लगानी कम्पनी, चार व्यापारिक संस्था र सात अन्य समूहका रहेका छन् । २०७९ फागुनमा सूचीकृत कम्पनीहरूको सङ्ख्या दुई सय ४५ थियो।

### विप्रेषण

गत आर्थिक वर्षको सुरुआती नौ महिना अर्थात् चैत मसान्तसम्ममा विप्रेषण आप्रवाह २४ दशमलव दुई प्रतिशतले वृद्धि भई रु नौ खर्ब तीन अर्ब ३९ करोड पुगेको छ । चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवस्था अर्थात् फागुन मसान्तसम्मा विप्रेषण आप्रवाह २१ प्रतिशतले बढेर रु नौ खर्ब ६१ अर्ब २२ करोड पुगेको छ।

### श्रम स्वीकृती

गत आर्थिक वर्षको चैत मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या तीन लाख ८७ हजार आठ सय ३९ जना थियो । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या दुई लाख १७ हजार नौ सय ५९ थियो । चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ८६ हजार नौ सय ३२ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या एक लाख ८४ हजार दुई सय ७८ रहेको छ।

### सुनको मूल्यमा नयाा रेकर्ड

विसं.२०८० को चैत मसान्तमा नेपाली बजारमा सुनको मूल्य इतिहासकै सबैभन्दा धेरै पुगेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार चैत ३० गते नेपाली बजारमा छापावाल सुनको मूल्य प्रतितोला एक लाख ३९ हजार पुगेको छ।

### मौद्रिक नीतिका व्यवस्था कार्यान्वयन

नेपाल राष्ट्र बैंकले यसवर्ष चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गरेको छ । बैंक तथा वित्तीय संस्थाले २०७८ भदौ ८ पूर्व निष्काशन गरेको डिबेन्चरलाई ५० प्रतिशतसम्म २०८१ असारसम्म स्रोतका रुपमा गणना गर्न पाउने व्यवस्था र बैंक वित्तीय संस्था तथा लघुवित्त वित्तबाट कर्जा लिई परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरुलाई कर्जा पुनरसंरचना र पुनरतालिकीकरण गर्न पाउनेसम्बन्धी व्यवस्था कार्यान्वयन गरिएको छ।

गत कात्तिकमा जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरुको पुनःनिर्माणका लागि आधारदरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह गर्ने व्यवस्था राष्ट्र बैंकले ल्याएको थियो । भूकम्प प्रभावितका लागि कर्जाप्रवाह गर्दा कर्जा-धितो अनुपात सहज बनाउनेर बैंक तथा वित्तीय संस्थालाई भूकम्पकाकारण क्षतिग्रस्त भएका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकी पुनःनिर्माणका लागि सामाजिक उत्तरदायित्व कोष खर्च गर्न प्रोत्साहित गर्नेसम्बन्धी व्यवस्था लागू गरिएको थियो। कर्जा प्रवाहमा सहजीकरण गर्न रियल स्टेट कर्जा र रु ५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाउने निर्णय राष्ट्र बैंकले गरेको थियो । त्यस्तै रु ५० लाखसम्मको आवास कर्जामा मासिक किस्ता आम्दानी अनुपात खुकुलो बनाउने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । विदेशी लगानीसम्बन्धी प्रक्रियालाई सरलीकरण र सहजीकरण गर्न भन्दै नेपाल राष्ट्र बैंकले विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली संशोधनसमेत गरेको छ।

### दोस्रो चरण आर्थिक सुधार थालनीको वर्ष

गत जेठ १५ गते चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य संसदमा प्रस्तुत गर्नुहुँदै तत्कालिन अर्थमन्त्री डा प्रकाशशरण महतले बजेटमार्फत दोस्रो चरणको आर्थिक सुधारको प्रयास थालिएको बताउनुभएको थियो । सुशासन, समृद्धि र सामाजिक न्याय कायम गर्न चालु आर्थिक वर्षको बजेट लक्षित रहेको उहाँको भनाइ थियो। चालु आर्थिक वर्षको बजेट वक्तव्यले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा फागुनभित्रै संसदमा प्रस्तुत गर्ने व्यवस्था मिलाउने उल्लेख थियो । अध्यादेशमार्फत् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर सरकारले आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता गत फागुनमै संसदमा प्रस्तुत गरिसकेको छ।

अर्थतन्त्र सुधारका लागि अन्य विभिन्न कानुनी तथा नीतिगत सुधार प्रयास यसवर्ष भए । वास्तविक स्रोतको उपलब्धता बिनै विकास आयोजनाको लागि बहुवर्षीय ठेक्का सहमति दिने र अर्थ मन्त्रालयको सहमति बेगर बहुवर्षीय खरिद प्रक्रिया अगाडि बढाउने जस्ता प्रवृत्तिको अन्त्य गरी स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन र बजेट अनुशासन कायम गर्न आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० जारी गरियो । त्यसैगरी, इन्धनको प्रयोगको बढ्दो खर्चलाई व्यवस्थित गर्न सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन वापत नगद प्रदान गर्ने निर्देशिका, २०८० जारी गरी कार्यान्वयन ल्याइएको छ । अन्तर्राष्ट्रिय विकास सहायतातर्फ आवश्यकता र औचित्यका आधारमा मात्र ऋण परिचालन गर्ने नीति सरकारले अवलम्बन गरेको छ।

त्यसैगरी, सार्वजनिक संस्थान सुधारको कार्य अघि बढाउने, निजीकरण समितिलाई क्रियाशील बनाउने, उच्चस्तरीय कर सुधा आयोग गठन गर्ने, विभिन्न वस्तुमा दिइएको मूल्य अभिवृद्धि कर (भ्याट) छुट खारेज गर्नेलगायतका महत्वपूर्ण निर्णयहरु चालु आर्थिक वर्षको बजेटमार्फत भएको थियो। कोभिड-१९ ताका लिइएको खुकुलो मौद्रिक तथा वित्त नीतिका कारण बढ्दो आयात र उच्च कर्जा प्रवाह हुँदा विदेशी विनिमय सञ्चितिमा परेको चापलाई सम्बोधन गर्न लिइएको कसिलो मौद्रिक नीतिले गर्दा समग्र आर्थिक क्रियाकलापमा सुस्तता देखिए पनि यस वर्षको सुरुआतदेखि नै अर्थतन्त्र क्रमशः लयमा फर्कन थालेको छ । बजेटमार्फत सुरु गरिएका नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधारका प्रयासबाट अर्थतन्त्रले सकारात्मक लय समातेको बुझ्न सकिन्छ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम ल्याउने र हरेक सांसदलाई रु पाँच करोड बराबर रकम खर्च गर्न दिने व्यवस्था बजेटमार्फत ल्याएको थियो। साबिकको सांसद विकास कोष अर्थात् स्थानीय पूर्वाधार साझेदारी तथा विकास कार्यक्रम ब्यूँताइएको भन्दै त्यसको विरोधसमेत भयो । सर्वोच्च अदालतमा मुद्दा परेपछि सरकारले यो कार्यक्रम कार्यान्वयन भने गर्न पाएन।

### विश्व अर्थतन्त्र थलिएको वर्ष

वर्ष २०८० विश्व अर्थतन्त्रका लागि पनि फलिफाप रहेन । युद्ध, भूराजनीतिक तनाव, व्यापारिक सम्बन्धको उतार-चढावजस्ता कारणले विभिन्न देशका अर्थतन्त्र प्रत्यक्ष प्रभावित भए । आपूर्ति शृङ्खला खल्बलिँदा खाद्य सङ्कट, ऊर्जा तथा पेट्रोलियम सङ्कटलगायतको सामना मानव जगतले गर्नुपर्‍यो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्ति प्रणालीमा देखिएको व्यवधानलगायतका कारण मुद्रास्फीति उच्च रहन गएको पृष्ठभूमिमा हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त देखियो। कोभिड १९ महामारीका कारण सिर्जित समस्याको निराकरण हुन नपाउँदै रुस-युक्रेन युद्ध र पछिल्लो समय इजराइल-हमास तनावका बाछिटा विश्व अर्थतन्त्रमा देखिए । इजराइल र हमास समूहबीचको युद्ध तथा हुथी विद्रोहीले 'रेड सी' मा गरेको आक्रमणका कारण पनि विश्व आपूर्ति शृंख लामा केही अवरोध देखियो ।रासस

# बागमती प्रदेशमा ६७ करोडका योजना थप




**हेटौडा** । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ का लागि रु ६७ करोड बराबरका योजना थपेको छ । प्रदेश सरकारले उक्त बजेटअन्तर्गत चार सय ३७ वटा टुक्रे योजना थप गरेको हो ।आर्थिक मामिला तथा योजना मन्त्रालयअन्तर्गत बजेट उपलब्ध गराउनका लागि गत चैत १२ र २० गते दुईपटक गरेर सम्बन्धित मन्त्रालयमा थपिएका योजना प्रदेश सरकारको बजेट सूचना प्रणाली प्रविष्ट गर्न पत्राचार गरिएको मन्त्रालयका उपसचिव लक्ष्मी रिमालले बताउनुभयो।

उहाँले आर्थिक मामिला मन्त्रालयले अर्थ विविध शीर्षकमा रहेको बजेटबाट खर्च गर्न सकिनेगरी योजना कार्यान्वयनका लागि पत्राचार गरेको जानकारी दिनुभयो। "भैपरी आउने भनी राखिने विविध शीर्षकको रकमबाट खर्च गर्नेगरी योजना थप भएका छन्", रिमालले भन्नुभयो, "मन्त्रालयबाट प्रणालीमा योजना थपिएपछि बजेट उपलब्ध गराउँछौं।" थपिएकामध्ये रु ३२ करोडको पूर्वाधारका योजना रहेको उहाँले जानकारी दिनुभयो।

भौतिक पूर्वाधार विकास कार्यालयले दिएको जानकारीअनुसार एक सय ६३ योजना १३ वटा कार्यालयबाट कार्यान्वयन गर्नेगरी रु ३२ करोडको योजना थप भएर आएको छ ।थप गरिएका योजना कुलो, मन्दिर, आर्यघाटदेखि सडक निर्माणसम्मका रहेका छन् । सबै योजना भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ, पर्यटन, उद्योग तथा सहकारी, सामाजिक विकास र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित छन् । भौतिकमा सडक स्तरोन्नति तथा निर्माण, भवन, कुलो, कल्भर्ट, मन्दिर, आर्यघाट निर्माण तथा मर्मतका लागि योजना थपिएका छन् ।

खानेपानी, ऊर्जा तथा सिँचाइमा खानेपानीका योजना, तरकारी बजार व्यवस्थापन, पहिरो नियन्त्रण, ढल व्यवस्थापनका टुक्रे योजना छन् । पर्यटन मन्त्रालयमा संस्कृति तथा पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने, मन्दिर संरक्षणका कार्यक्रम, गुठी, पाटी, सत्तल, विहारका निर्माण तथा स्तरोन्नति, बालउद्यान निर्माण गर्नेलगायत योजना थप भएको समितिको प्रतिवेदनमा जनाइएको छ ।सामाजिक विकास मन्त्रालयमा वितरणमुखी बजेट थप भएका छन् । लक्षित वर्गका लागि तालिम, गोष्ठी, सेमिनार, जनचेतनामूलक कार्यक्रम समावेश छन्। साथै विद्यालय सभाहल, शौचालय निर्माण, साना खेलका पूर्वाधार, फर्निचर खरिदलगायत योजना पनि थपिएका छन्।

वन तथा वातावरण मन्त्रालयको नदी नियन्त्रण तथा पर्खाल निर्माण, शिवपुरी जङ्गल सफारीका लागि पूर्वसम्भाव्यता अध्ययन गर्ने, रानीवनमा टुरिजम पार्क बनाउनेलगायत साना योजना समावेश छन् ।आर्थिक मामिला मन्त्रालयसँग अर्थ विविध शीर्षकमा रु चार अर्ब २६ करोड ५० लाख तीन हजार ८५ बजेट छ। जसमध्ये चालुतर्फ रु तीन अर्ब २७ करोड १३ लाख ८३ हजार ८५ र पुँजीगततर्फ रु ९९ करोड ३६ लाख २० हजार बजेट रहेको मन्त्रालयका उपसचिव रिमालले जानकारी दिनुभयो ।रासस

# नेप्से परिसूचक झिनो अङ्कको गिरावट

**काठमाण्डु** । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार झिनो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक दुई दशमलव ३५ अङ्कले ओरालो लागेर दुई हजार २३ दशमलव ३५ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ०१ अङ्कले उकालो लागेर तीन सय ५८ दशमलव २० मा पुगेको छ।विभिन्न कम्पनीका कूल ७७ लाख ९५ हजार ३३ कित्ता शेयर रु तीन अर्ब छ करोड ३७ लाख ७२ हजार छ सय ५२ मूल्यमा कारोबार भएको छ। कारोबार भएकामध्ये आइतबार एक




सय २७ कम्पनीको शेयर मूल्य उकालो लागेको छ। यस्तै, एक सय आठ कम्पनीको शेयर मूल्य ओरालो लाग्दा १० कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएन।

नेप्सेका अनुसार सिर्जनशिल लघुवित्तको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ।

साथै एनआइसी एशिया लघुवित्तको शेयर मूल्य नौ दशमलव ७२, डोल्टी पावर कम्पनी नौ दशमलव ३५, राप्ती हाइड्रोपावर नौ दशमलव २३ र मिथिला लघुवित्तको शेयर मूल्य आठ दशमलव ७० प्रतिशत बढेको छ।

आइतबारको कारोरमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। साथै हिमालयन बैंकको सामूहिक लगानी कोष चार दशमलव ४१, तेह्रथुम पावर कम्पनी चार दशमलव ३८, तारागाउँ रिजेन्सी होटल तीन दशमलव ९३ र ग्लोबल आइएमई ब्यालेन्स फण्डको शेयर मूल्य तीन दशमलव ९१ प्रतिशतले घटेको छ ।रासस

# सत्ता गठबन्धनमा खटपट, सुदूरपश्चिममा मुख्यमन्त्रीमा चौधरीद्वयको दाबी

**टुडे समाचारदाता**

धनगढी । सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्रीका लागि नागरिक उन्मुक्ति पार्टी (नाउपा)मा भएको रडाकोले सत्ता गठबन्धनमा खटपट सुरु भएको छ।

सत्ता गठबन्धनमा रहेको नेकपा एकीकृत समाजवादीका चारजना प्रदेशसभासदले कांग्रेस समर्थित मुख्यमन्त्रीका दावेदार नाउपाका सभासद लक्ष्मण किशोर चौधरीलाई समर्थन गरेको छ।

एसको समर्थन लिएर लक्ष्मण किशोर चौधरीले २७ जना सभासदको हस्ताक्षर प्रदेश प्रमुखको कार्यालयमा दर्ता गराएका छन् । चौधरीलाई नाउपाका ४, एसका ४, कांग्रेसका १८ र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का १ जना सभासदको समर्थन रहेको छ।

नाउपाकी सांसद इन्दिरा गिरिको कारबाहीलाई सर्वोच्च अदालतले रोक लगाइदिएको छ। सर्वोच्च अदालतले नाउपाकी सुदूरपश्चिम प्रदेश गिरिलाई फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्चका न्यायाधीश प्रकाशमान सिंह राउतको आइतबारको इजलासले अन्तरिम आदेश जारी गरेका छन्। गिरीले प्रदेश सभा सचिवालयमा समेत ५ जनाविरूद्ध चैत ३० गते रिट दायर गरेकी थिइन् । प्रदेश सभा सचिवालयले उनलाई चैत २६ गते सांसद पदबाट मुक्त गरेको सूचना टाँसेको थिया।

सर्वोच्चको आदेशसँगै नाउपाको लक्ष्मण किशोर चौधरीको पक्षमा १ जना सभासद थपिएको छ।

तर नाउपाकै कैलाश चौधरीले पनि आइतबार नै प्रदेश प्रमुख नजिर मियाँलाई भेटेर संविधानको धारा १६८ (२) अनुसार मुख्यमन्त्रीमा दाबी प्रस्तुत गरेका छन् । उनलाई नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले) र स्वतन्त्र सभासद तारा जोशीले समर्थन गरेका छन् । कैलाशलाई समर्थन गर्दै सभासद जोशीले आफूहरूको समर्थनमा एकीकृत समाजवादी पनि जोडिन आइपुग्ने विश्वास व्यक्त गरेका थिए।

सुदूरपश्चिमको मुख्यमन्त्रीमा एउटै पार्टीका दुई जना सभासदको दाबी पर्नुमा नाउपाभित्रका सत्ताको आशक्ति मात्रै कारक छैन, माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) को असन्तुष्टि पनि यसमा मिसिएको छ।

# 'आध्यात्मिक स्थललाई विवादित बनाउन नहुने'



**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी मन्दिरका महन्त रामतपेश्वर दासले धार्मिक तथा आध्यात्मिक स्थललाई विवादित नबनाउन आग्रह गरेका छन्।

जनकपुरधामस्थित जानकी मन्दिरमा आयोजित पत्रकार सम्मेलनमा महन्त दासले जनकपुरधामको विशेष दिन जानकी नवमी रहेको बताउँदै उनले धर्म र संस्कृतिको रक्षा र संरक्षणका लागि जानकी मन्दिरले सदैव आफ्नो भूमिका निर्वाह गरेकाले यस पवित्रस्थललाई केही व्यक्तिको स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने बताए।

जानकी सेनाले जानकी मन्दिर परिसरमा माटोको रामको मूर्ति स्थापना गरी राम नवमी मनाउनका लागि राम मन्दिर नै उपयूक्त ठाउँ रहेको भन्दै महन्त दासले जानकी मन्दिरमा माटोको प्रयोग गरेर रामको मूर्ति नबनाउन आग्रह गरेका थिए।

जिल्ला प्रशासन कार्यालय धनुषाले जानकी मन्दिर परिसरमा कुनै पनि सार्वजनिक कार्यक्रममा गर्नमा बन्देज लगाएको छ।

महन्त दासले जानकी मन्दिरबाहेक अन्यत्र स्थलमा सो कार्यक्रम गर्न आग्रहसमेत गरे। उनले जानकी मन्दिरको बेग्लै पहिचान र जानकीको आफ्नो अस्तित्व रहेकाले त्यसलाई ख्याल गर्न भने।

महन्त दासले भने, 'विना मतलबमा अध्यात्मिक स्थल जानकी मन्दिरलाई विवाद नतानिओस् । यहाँको छुट्टै महत्व छ। यो जानकी स्थल हो।'

यता आइतबार दिनभर जानकी मन्दिरको अगाडि जानकी सेनाले विरोध प्रदर्शन गरेका छन्।

जानकी मन्दिरको महन्त दासको विरोधमा प्रदर्शन गरेका छन्।


## काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सर्म्पक गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड








जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८